का.जि.प्र.का.द.नं. १००/०५९/६०
२३ असोज २०८३
शुक्रबार
9 October 2026
Friday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २६०। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# बलात्कार आरोपितसँगै विवाह सन्तान जन्मियो, बाबु जेलमै

**पिन्टु यादव/मध्यान्ह**
राजविराज, २२ असोज

उनी जेलमा थिए । बाहिर एउटी युवती उनको प्रतीक्षामा थिइन् । गत वर्ष भदौको जेनजी आन्दोलनका क्रममा कैदीहरू कारागारबाट भाग्ने क्रममा शत्रुघन मुखिया पनि जेलबाट बाहिरिए । तर बाहिरिएपछि उनी भागेर अन्यत्र गएनन् । सिधै गाउँको कमला मन्दिर पुगे र तिनै युवतीसँग विवाह गरे । केही समयपछि उनी फेरि कारागार फर्किए । अहिले शत्रुघन जेलमै छन् । युवती भने काखमा उनको बच्चा लिएर परिवार सम्हालिरहेकी छन् । सप्तरीको महादेवा गाउँपालिका-४ का शत्रुघनको यो सम्बन्ध कुनै प्रेमविवाहबाट सुरु भएको होइन । पृष्ठ २ मा



# कांग्रेसमा ‘गुटबन्दी’ कायमै



पार्टीमा मैले कुनै गुट बनाउँदिन भनेको थिएँ, सभापतिका उम्मेदवार किशोर दाइले पनि मलाई समर्थन गर्नुभयो । अब नेपाली कांग्रेसमा कुनै गुट छैन र हुन पनि दिँदैनौं ।

■ **गगन थापा**, सभापति



हामीले सात हजार ३०० मतदाताका लागि २९७ उम्मेदवालाई मतदान गर्न २३ प्रकारका मतपत्र छपाइमा प्राविधिक समस्या भयो, त्यसैले बिहीबारको मतदान प्रभावित बन्यो ।

■ **प्रेमबहादुर खड्का**
**संयोजक, कांग्रेस केन्द्रीय निर्वाचन समिति**



**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २२ असोज

नेपाली कांग्रेसको १५औं महाधिवेशनमा सभापतिको उम्मेदवारी दिएका एकजना उम्मेदवार किशोरसिंह राठौरले मनोनयन फिर्ता लिएपछि कांग्रेस सभापतिका उम्मेदवार गगन थापाले पार्टीमा गुटबन्दीको अन्त्य भएको घोषणा गरे । बुधबार महाधिवेशनअन्तर्गत बन्दसत्रको छलफललाई सम्बोधन गर्दै थापाले भने, ‘पार्टीमा मैले कुनै गुट बनाउँदिनँ भनेको थिएँ, नेता किशोरसिंह राठौरले उम्मेदवारी फिर्ता लिएर मलाई समर्थन गर्नुभयो । अब नेपाली कांग्रेसमा कुनै गुट छैन र हुन पनि दिइने छैन ।’

थापाको यो अभिव्यक्तिले कांग्रेसमा विगतमा देखिँदै आएका गुटगत राजनीति बन्द भयो । तर थापासँग सभापतिको प्रतिस्पर्धामा उत्रिएका अर्का उम्मेदवार श्यामकृष्ण खड्गीले उम्मेदवारी फिर्ता गरेका छैनन् । सभापतिसहित पदाधिकारी निर्विरोध बनाउन शीर्ष छलफल तीन दिनदेखि छलफलमै छन् । महाधिवेशनअन्तर्गत उम्मेदवारी दिने समयसीमाभित्र वरिष्ठ उपसभापतिका लागि विश्वप्रकाश शर्मा र महिला पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# मलेसियामा आज बजेट आउँदै, बढ्ला त श्रमिकको तलब ?

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ असोज

मलेसियामा शुक्रबार आउने आगामी बजेट २०२७ मा न्यूनतम मासिक पारिश्रमिक कति होला भन्ने विषयमा धेरैको नजर अडिएको छ । शुक्रबार स्थानीय समयअनुसार ३ बजे मलेसियाको संसद्मा आगामी वर्ष सन् २०२७ का लागि बजेट प्रस्तुत हुँदैछ ।

मलेसियामा १ करोड ७३ लाख जनशक्ति कार्यरत रहेकोमा आप्रवासी श्रमिकको संख्या २१ लाख ४० हजार रहेको छ । त्यसमा वैधानिक नेपालीको संख्या ४ लाखभन्दा बढी छ । मलेसियामा साढे ४ लाख नेपाली रहेको अनुमान छ । मलेसियामा सबै श्रमिकको न्यूनतम तलब बराबर हुने भएकाले तलब वृद्धि हुँदा त्यसको प्रत्यक्ष लाभ त्यहाँ कार्यरत नेपालीले पाउनेछन् । त्यसको सकारात्मक असर नेपाली अर्थतन्त्रमा पनि देखिनेछ । कतिपय पृष्ठ २ मा

# कांग्रेस महाधिवेशनमा करिब एक दर्जन व्यवसायी कार्यसमितिको प्रतिस्पर्धामा

**काठमाडौं/मस–** नेपाली कांग्रेसको १५औं महाधिवेशनमा वैदेशिक रोजगार पृष्ठभूमिका करिब एक दर्जन व्यवसायी कार्यसमितिका विभिन्न पदमा प्रतिस्पर्धा गर्ने तयारीमा छन् । कार्यसमितिका लागि शुक्रबार बिहान ७ बजेदेखि मतदान गर्ने तयारी छ ।

वर्तमान कार्यसमिति सदस्य अब्दुल सत्तार मुस्लिमतर्फ सहमहामन्त्रीको माथिल्लो पदमा प्रतिस्पर्धामा पृष्ठ २ मा



मध्यान्ह
www.madhyanhadaily.com
२३ असोज २०८३ शुक्रबार
9 October 2026 Friday

# ११ वर्षपछि एमाले बैठकमा विद्या फेरियो शंकर पोखरेलको पोजिसन




**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ असोज

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी नेकपा एमालेमा फर्किएपछि बिहीबार पार्टीको बैठकमा औपचारिक रूपमा उपस्थित भएकी छन् । ११ वर्षपछि एमाले बैठकमा विद्या भण्डारी उपस्थित हुँदा नेताहरूको पोजिसन पनि फेरियो ।

बैठकमा अध्यक्ष केपी शर्मा ओलीसँगै बस्ने नेताहरूको पोजिसन फेरिएको हो । भण्डारी अध्यक्षपछिको दोस्रो वरीयतामा वरिष्ठ नेताका रूपमा एमालेमा फर्किएसँगै महासचिव शंकर पोखरेलको ओलीसँगै बस्दै आएको स्थान पछाडि सरेको हो ।

नयाँ परिस्थितिमा ओलीको दायाँतर्फ भण्डारी रहनेछिन् भने बायाँतर्फ रामबहादुर थापा 'बादल' रहनेछन् । ओलीको दायाँतर्फ भण्डारी, विष्णु पौडेल र गोकर्ण विष्टपछि पोखरेलको स्थान तय गरिएको छ ।

गत असोज ५ देखि ७ गतेसम्म बसेको एमाले केन्द्रीय कमिटी बैठकमै ओलीले नेताहरूको बसाइको पोजिसन परिवर्तन गर्न खोजेका थिए । तर, उपाध्यक्षहरू साबिककै स्थानमा बसेपछि पोखरेल ओलीसँगै बसेका थिए ।

भण्डारीलाई एमालेले असोज ८ गते वरिष्ठ नेता मनोनीत गर्ने निर्णय गरेको थियो । त्यसलाई केन्द्रीय कमिटीले अनुमोदन गरेपछि उनी पहिलोपटक स्थायी कमिटी बैठकमा सहभागी भएकी हुन् । साढे सात वर्ष राष्ट्रपति बनेपछि करिब तीन वर्षको राजनीतिक 'वार्मअप' पूरा गरेर भण्डारी वरिष्ठ नेताका रूपमा एमालेको सक्रिय राजनीतिमा फर्किएकी हुन् ।

राष्ट्रपति बन्नुअघि एमालेकी उपाध्यक्ष रहेकी भण्डारी करिब तीन वर्षपछि सक्रिय पार्टी राजनीतिमा फर्किएकी हुन् ।

एमालेले उनलाई अध्यक्षपछिको दोस्रो वरीयतामा राखेको छ । केन्द्रीय कमिटी, पोलिटब्युरो, स्थायी कमिटी र सचिवालय बैठकमा सहभागी हुने अधिकारसमेत उनलाई दिइएको छ ।

भण्डारीको पुनरागमनसँगै एमालेको शीर्ष नेतृत्वको आसनक्रमसमेत फेरिएको छ । त्यसको प्रत्यक्ष प्रभाव महासचिव पोखरेलको पोजिसनमा परेको छ ।

भण्डारी २०७२ मा राष्ट्रपति भएपछि त्यसयता उनी एमाले बैठकमा सहभागी हुन पाएकी थिइनन् ।

दुईपटक गरी २०७९ मा राष्ट्रपतिको कार्यकाल पुरा गरेकी भण्डारी यसअघि नै एमाले राजनीतिमा सक्रिय हुन चाहेकी थिइन् । गत जेठमा बसेको केन्द्रीय पदाधिकारी बैठकले भण्डारीको पेन्डिङमा रहेको सदस्यता फुकुवा गरेको थियो । फुकुवा गरेसँगै उनी एमालेको राजनीतिमा सक्रिय हुन थालेकी हुन् ।

# बूढानीलकण्ठबाट ठूलो परिमाणमा सुन बरामद




**काठमाडौं/मस**–काठमाडौंको बूढानीलकण्ठबाट प्रहरीले २१ किलो बढी अवैध सुन बरामद गरेको छ । विशेष सूचनाका आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको टोलीले बिहीबार उक्त सुन बरामद गरेको हो । प्रहरीका अनुसार बरामद सुनमध्ये ११ किलो तयारी अवस्थामा र १० किलो बढी प्रशोधन गर्न बाँकी अवस्थामा फेला परेको छ ।

सुन बरामदसँगै प्रहरीले केही व्यक्तिलाई नियन्त्रणमा समेत लिएको जनाएको छ । पक्राउ परेकाहरूको पहिचान र सुन कहाँबाट ल्याइएको हो भन्ने विषयमा प्रहरीले अनुसन्धान गरिरहेको छ । घटनाबारे विस्तृत विवरण खुल्न बाँकी रहेको प्रहरीले जनाएको छ । प्रहरीले घटनाका सम्बन्धमा शुक्रबार पत्रकार सम्मेलन गरी थप जानकारी सार्वजनिक गर्ने तयारी गरेको छ ।

# स्थानीय तहको निर्वाचनको आन्तरिक तयारीमा आयोग



**काठमाडौं/मस**-निर्वाचन आयोगले आगामी स्थानीय तहको निर्वाचनका लागि आन्तरिक तयारी गरिरहेको जनाएको छ । प्रमुख निर्वाचन आयुक्त मानबहादुर कार्कीले निर्वाचनको मिति घोषणा गर्ने अधिकार सरकारको भएको उल्लेख गर्दै तोकिएको समयमा निष्पक्ष र विवादरहित निर्वाचन सम्पन्न गर्न आयोग प्रतिबद्ध रहेको बताएका छन् ।

निर्वाचन आयोगमा बिहीबार भएको अनौपचारिक कुराकानीका क्रममा कार्कीले आयोग निर्वाचनको तयारीमा निरन्तर सक्रिय रहने संस्था भएकाले आगामी निर्वाचनलाई लक्षित गरी आवश्यक आन्तरिक काम भइरहेको स्पष्ट पारेका छन् ।

उनले निर्वाचनको मिति आयोगसँगको परामर्शमा सरकारले निर्धारण गर्ने संवैधानिक व्यवस्था रहेको उल्लेख गर्दै मिति घोषणा भएपछि सोहीअनुसार निर्वाचन प्रक्रिया अघि बढाइने बताए ।

आगामी स्थानीय तहको निर्वाचन फागुनमै गर्ने गरी सरकारले तयारी गरिरहेको भन्ने चर्चाबारे सोधिएको प्रश्नमा कार्कीले निर्वाचनको मितिबारे अहिले नै आयोगले कुनै निष्कर्ष सार्वजनिक गर्न नसक्ने बताए ।

स्थानीय तहलाई लामो समयसम्म जनप्रतिनिधिविहीन अवस्थामा राख्न नहुने आयोगको धारणा रहेको उल्लेख गर्दै उनले त्यसैलाई ध्यानमा राखेर तयारी भइरहेको जानकारी दिए । आगामी वैशाखमा स्थानीय तहका जनप्रतिनिधिको कार्यकाल समाप्त हुने भएकाले संवैधानिक व्यवस्थाअनुसार कार्यकाल समाप्त हुने समय आसपास निर्वाचन हुने उनको भनाइ छ । स्थानीय तह र प्रदेश तहको निर्वाचन एकै पटक गर्ने सम्भावनाबारे पनि आयोगले अहिले नै कुनै निर्णय नभएको स्पष्ट पारेको छ ।

प्रमुख निर्वाचन आयुक्त कार्कीले निर्वाचन सञ्चालन गर्दा संवैधानिक संरचना, विद्यमान कानुनी व्यवस्था र व्यावहारिक आवश्यकतालाई ध्यान दिनुपर्ने बताए । स्थानीय र प्रदेश तहको निर्वाचन एकैसाथ हुने वा अलग-अलग समयमा सञ्चालन गरिने भन्ने विषयमा अहिले नै निश्चित रूपमा भन्न नसकिने उनको भनाइ छ ।

सरकारले आयोगसँग परामर्श गरी निर्वाचनको मिति घोषणा गरेपछि सोहीअनुसार आवश्यक व्यवस्थापकीय तथा प्राविधिक तयारी अघि बढाइने उनले स्पष्ट पारेका छन् ।

# दुर्घटना न्यूनीकरणका लागि अर्घाखाँचीमा यात्रु सहायता कक्ष स्थापना

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २२ असोज

दसैं, तिहारलगायतका चाडपर्व नजिकिएसँगै अर्घाखाँचीमा हुने सवारी आवागमनलाई सुरक्षित, व्यवस्थित र सहज बनाउन सन्धिखर्कको शान्ति बगैँचामा यात्रु सहायता कक्ष सञ्चालनमा ल्याइएको छ ।

जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीको पहलमा सन्धिखर्क नगरपालिका-१ स्थित शान्तिबगैँचामा बिहीबारदेखि सहायता कक्ष सञ्चालनमा ल्याइएको हो । सहायता कक्षको सन्धिखर्क नगरपालिकाका प्रमुख कृष्णप्रसाद श्रेष्ठले उद्‌घाटन गरेका हुन् ।

चाडपर्वका बेला जिल्ला बाहिर रहेका नागरिक घर फर्किने तथा जिल्लाबाट बाहिर जाने यात्रुको संख्या बढ्ने भएकाले यात्रु तथा सवारी चालकलाई आवश्यक सूचना, सुरक्षा र सहजीकरण उपलब्ध गराउने उद्देश्यले सहायता कक्ष सञ्चालन गरिएको प्रहरीले जनाएको छ ।

उद्‌घाटन कार्यक्रममा नगर प्रमुख श्रेष्ठले चाडपर्वका समयमा हुने यात्रालाई सुरक्षित बनाउन यात्रु, चालक र यातायात व्यवसायी सबै सचेत र जिम्मेवार हुनुपर्ने बताए । उनले सडक तथा सवारीको अवस्था बुझेर सुरक्षित ढंगले यात्रा गर्न आग्रह गरे ।



जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीका प्रमुख प्रहरी नायब उपरीक्षक (डीएसपी) दिवसबहादुर जिसीले चाडपर्वका समयमा सवारीसाधनको चाप र यात्रुको आवागमन बढ्ने भएकाले दुर्घटना न्यूनीकरणका लागि विशेष सावधानी आवश्यक रहेको बताए ।

उनले चालकलाई तीव्र गतिमा सवारी नचलाउन, मादक पदार्थ सेवन गरी सवारी नचलाउन, क्षमताभन्दा बढी यात्रु नराख्न तथा लामो यात्रामा निस्कनुअघि सवारीसाधनको अवस्था जाँच गर्न आग्रह गरे । यात्रुले पनि आफू चढेको सवारीसाधन र चालकको अवस्थाबारे सचेत रहनुपर्ने उनको भनाइ छ ।

दसैं-तिहारका समयमा जिल्लाका ग्रामीण तथा मुख्य सडकमा सवारीको चाप बढ्ने भएकाले सडकको अवस्था र मौसमलाई ध्यान दिएर यात्रा गर्न प्रहरीले आग्रह गरेको छ । वर्षाका कारण ग्रामीण सडकका कतिपय स्थानमा सडक बिग्रिएको, साँघुरो तथा जोखिमपूर्ण अवस्था रहेकाले चालकलाई गति नियन्त्रण गरी सावधानीपूर्वक सवारी चलाउन प्रहरीले अनुरोध गरेको डिएसपी जिसीले बताए ।

सहायता कक्षबाट यात्रु तथा सर्वसाधारणलाई आवश्यक सूचना उपलब्ध गराउनुका साथै यात्राका क्रममा देखिएका समस्या र गुनासो सम्बोधन गर्न सहजीकरण गरिनेछ । आवश्यक परेमा सम्बन्धित सुरक्षा निकायसँग समन्वय गरी सहयोग उपलब्ध गराउने व्यवस्था गरिएको प्रहरीले जनाएको छ ।

कार्यक्रममा जिल्ला प्रहरी कार्यालय, जिल्ला अनुसन्धान कार्यालयका प्रतिनिधि, स्थानीय समाजसेवी, पत्रकार, यातायात व्यवसायीलगायत सरोकारवालाको सहभागिता थियो । सहभागीहरूले चाडपर्वका समयमा यात्रुको चाप बढ्ने भएकाले यातायात व्यवस्थापनलाई थप प्रभावकारी बनाउनुपर्नेमा जोड दिएका थिए ।

सन्धिखर्कको शान्तिबगैंचामा सञ्चालनमा आएको सहायता कक्षले दसैंका समयमा अर्घाखाँची भित्रिने तथा बाहिरिने यात्रुलाई आवश्यक सहयोग पुग्ने अपेक्षा गरिएको छ । सुरक्षित तथा दुर्घटनारहित यात्रा सुनिश्चित गर्न सबै पक्षको सहकार्य आवश्यक रहेको प्रहरीले जनाएको छ ।

## बलात्कार...

यसको अन्तर्य खोज्दै जाँदा एउटा पुरानो फौजदारी मुद्दासम्म पुगिन्छ । उनीहरू दुवै प्रेमसम्बन्धमा थिए । तर, शत्रुघनले विवाह गर्न नमानेपछि विवाद प्रहरीसम्म पुगेको थियो । युवतीकी आमाले प्रहरीमा जाहेरी दिएकी थिइन् । शत्रुघनको परिवारले अर्कै युवतीसँग विवाह गराउन खोजेको आरोप थियो । जाहेरीमा उल्लेखित आरोप अदालतबाट पुष्टि भनेको भएको छैन ।

मुद्दा अदालत पुगेपछि जिल्ला अदालत सप्तरीले शत्रुघनलाई जबर्जस्ती करणीमा १२ वर्ष कैद र पाँच लाख रुपैयाँ क्षतिपूर्ति भराउने फैसला गर्‍यो । पुनरावेदन तहबाट पनि उक्त फैसला सदर भएपछि मुद्दा अहिले सर्वोच्च अदालत पुगेको छ ।

यसबीच घटनाको सामाजिक परिवेश भने बदलिएको छ । जसको सम्बन्धमाथि कानुनी प्रश्न उठेको हो, अहिले उनीहरू एकले अर्कालाई पति-पत्नीका रूपमा स्वीकार गरिसकेका छन् । अदालतमा विचाराधीन पुरानो फौजदारी मुद्दाका दुई पक्ष अहिले वैवाहिक सम्बन्धमा बाँधिएका छन् । पारिवारिक सम्बन्ध पनि सुधार भइसकेको छ । तर, शत्रुघन भने उही पुरानो मुद्दामा जेलमा छन् ।

उनीहरू प्रेममा रहेका बेला युवती १८ वर्षभन्दा कम उमेरकी थिइन् । उनीहरूबीच भएको सम्बन्धलाई लिएर परिवारले प्रहरीमा जाहेरी दिएको थियो । मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ ले १८ वर्षभन्दा कम उमेरकी बालिकासँग सहमतिमा गरिएको यौनसम्बन्ध पनि जबर्जस्ती करणी मान्ने व्यवस्था छ । त्यसैले अहिले उनीहरू पति-पत्नी भए पनि शत्रुघनमाथि जबर्जस्ती करणीको मुद्दा छ । त्यसैले अब सर्वोच्च अदालतले एउटा पुरानो मुद्दाको कानुनी परीक्षण मात्र गर्ने छैन । समाजले स्विकारेको तर कानुनले नस्विकारेको एउटा सम्बन्धबारे पनि फैसला गर्नुपर्नेछ । घटनाका बेला युवतीको उमेर कति थियो ? आरोप र प्रमाणले के देखाउँछन् ? तल्ला अदालतका फैसला कानुनअनुसार सही वा त्रुटिपूर्ण छन्, त्यसको छिनोफानो गर्नुपर्नेछ । शत्रुघनबारे सर्वोच्चले गर्ने फैसला विवाह, परिवार र बालसंरक्षण कार्यान्वयनमा महत्त्वपूर्ण नजिर बन्न सक्नेछ ।

## कांग्रेसमा...

उपसभापतिमा पुष्पा भुसालको एकल उम्मेदवारी परेकाले उनीहरू निर्विरोध भए । तीबाहेक सबै पदमा प्रतिस्पर्धा हुने पक्का छ । सभापति थापासहित पदाधिकारी निर्विरोध बनाउने नेताहरूको लामो प्रयास असफल भएको छ । नेताहरूबीको सोही छलफल दुई दिनसम्म निष्कर्षमा नपुग्दा बिहीबारको मतदान प्रक्रिया प्रभावित भएको एक नेताले बताए । आकांक्षीहरूले उम्मेदवारी फिर्ताको समयमा फिर्ता नलिएपछि बुधबार दिनभर समय थप्दै बित्यो । बुधबार साँझमा सभापतिका उम्मेदवार किशोरसिंह राठौरले उम्मेदवारी फिर्ता लिए । निर्विरोध सभापति बन्ने गगन थापाको योजनालाई अर्का उम्मेदवार श्यामकृष्ण खड्गीले रोकेका छन् । उनलाई निष्क्रिय बनाउन पार्टीका नेताहरू अझै सक्रिय छन् । तर खड्गीले समर्थकलाई मतदातामाझ खटाइरहेका छन् । काठमाडौं क्षेत्र नम्बर ६ का महाधिवेशन प्रतिनिधि खड्गी सभापतिको प्रतिस्पर्धामा उत्रिएपछि थापा पनि मतदातामाझ जानुपर्ने भएको छ । खड्गी शेरबहादुर देउवा पक्षमा रहेको र प्रकाशमान सिंहको सल्लाहमा उठेको नेताहरूले बताएका छन् ।

त्यस्तै, विशेष महाधिवेशनबाट आएका नेताहरू र विशेष महाधिवेशन बहिष्कार गरेका नेताहरूबीच आन्तरिक रूपमा गुटगत प्रतिस्पर्धाजस्तो देखिएको छ । तर पार्टी सभापति थापाले अघिल्ला महाधिवेशनमा तलदेखि माथिसम्मै प्रस्ट दुई प्यानल बनाएर चुनावी मैदानमा उत्रिने कांग्रेसको परम्परा यसपटक तोडिएको बताए । थापाले आफूले कुनै समूह बनाएर चिट बाँडेर मतदान गर्न नलगाउने प्रस्ट पारेका छन् । उनले त्यसो भनिरहँदा महाधिवेशनमा उम्मेदवारी दिएका सभापतिबाहेक उम्मेदवारहरूले आ-आफ्नो अनुकूलका उम्मेदवारको सूची नै बनाएर मतदातालाई थमाउने तयारी गरेका छन् ।

फिल्डमा महाधिवेशनको रौनक देखिएको छ । मतदाता र समर्थकले आफ्ना उम्मेदवारको पक्षमा मत माग्न फरक फरक शैली अपनाएका छन् । मतदानस्थलमा रोबोर्टले समेत मत मागेको दृश्यले कार्यकर्ताको ध्यान तानेको देखिन्छ । कार्यकर्ताले फिल्डलाई नाचगानसहितको उल्लासमय बनाउँदै गर्दा नेताहरूमा एकअर्काप्रति चुनावी त्रास देखिएको छ । उपसभापति, महामन्त्री र सहमहामन्त्रीमा विशेष महाधिवेशनको विपक्षमा उभिएका नेताहरू बढी देखिएका छन् । नियमित महाधिवेशनमार्फत महामन्त्री बनेका प्रदीप पौडेल र गुरुराज घिमिरेमाथि विशेष महाधिवेशन बहिष्कार गरेका नेताहरूले एकजुट भएर धक्का दिने प्रयास गरेको छनक नेताहरूले पाएका छन् । सोही कारण उनीहरूको व्यवस्थापनमा शीर्ष नेताहरूबीच निरन्तर छलफल चलिरहेको कांग्रेसका एक पदाधिकारीले बताए । प्राविधिक कारण देखाएर राजनीतिक रूपमा मतदान सारिएको आवाज समेत गुन्जिएको छ । निर्वाचन समितिले भने समयमा मतपत्र छपाइको काम नसकिएकाले मतदानको मिति सारिएको दाबी गरेको छ ।

निर्वाचन समितिले बिहीबार साँझ पत्रकार सम्मेलन गर्दै मतदानका लागि आवश्यक २३ प्रकारका मतपत्र छपाइ नसकिएकाले एक दिन सार्न बाध्य भएको जनाएको छ । केन्द्रीय निर्वाचन समितिका संयोजक प्रेमबहादुर खड्काले सात हजार ३०० मतदाताका लागि २३ प्रकारका मतपत्र छाप्नुपर्ने भएकाले ढिला भएको बताए । उनले भने, 'हामीले सात हजार ३०० मतदाताका लागि २ ९७ उम्मेदवालाई मतदान गर्न २३ प्रकारका मतपत्र छपाइमा प्राविधिक समस्या भयो, त्यसैले बिहीबारको मतदान प्रभावित बन्यो ।' शुक्रबार बिहान ७ बजे नै मतदान प्रारम्भ हुने उनले बताए । महाधिवेशन सुरु भएको चार दिनसम्म मतदान हुन नसकेपछि बिहानैदेखि लाइनमा बसेका प्रतिनिधिहरू दिनभर उभिएर फर्कनुपरेको थियो । बिहान १० बजेका लागि तय गरिएको मतदान तीनपटक सारेर दिउँसो साढे २ बजेसम्मलाई सारिएको थियो । त्यसपछि पनि मतदान हुन सकेन । केन्द्रीय निर्वाचन समितिले पनि अर्को समय सार्वजनिक गरेन । अन्ततः बेलुकी ५ बजे पत्रकार सम्मेलनमार्फत मतदान स्थगन भएको जानकारी दिएपछि मतदाताहरू तितरबितर भए । लामो समयको प्रतीक्षा पनि पनि मतदान गर्न नपाएको मन्दै प्रतिनिधिहरू केही समय नेतृत्वप्रति आक्रोश पोख्दै हिँडेका थिए । समयमा मतदान नभएका कारण प्रतिनिधिहरूले असन्तुष्टि जनाएपछि पार्टीका कोषाध्यक्ष उमेश श्रेष्ठले व्यवस्थापनमा केही कमजोरी भएकाले शुक्रबार पनि खाना र बासको व्यवस्था मिलाउने जनाएका छन् ।

आज बिहान ७ बजेबाट हुने भनिएको मतदानका लागि मतपेटिका तयारी अवस्थामा राखिएको छ । मतदानका लागि खुलामञ्च, राष्ट्रिय सभागृह र प्रज्ञा भवन गरेर तीन ठाउँ तोकिएको छ । सबै मदतान केन्द्रमा गरी करिब २५० मतदाताले एकैपटक मतदान गर्न सक्ने व्यवस्था मिलाइएको निर्वाचन समितिका सदस्य सचिव राजु कटुवालले बताए । एकजना मतदातालाई मतदानका लागि ३० मिनेटभन्दा बढी समय लाग्ने आकलन गरिएको छ । उम्मेदवारको सूची लामो भएकाले धेरै मतदाताले आफ्नो पहिचान भएका र माथिका मात्रै उम्मेदवारलाई मतदान गरेर विभिन्न क्लस्टरमा परेका उम्मेदवारलाई छाड्ने सम्भावना बढेको नेताहरूले बताएका छन् ।

## मलेसियामा...

सांसदहरूले विदेशी श्रमिकको तलब बढाउन नहुने बताएका छन् ।

तर, मलेसियन ट्रेड्स युनियन कांग्रेसले बढ्दो महँगी र जीवनयापनको खर्चलाई मध्यनजर गर्दै आगामी बजेट २०२७ मा देशको न्यूनतम मासिक पारिश्रमिक बढाएर ३ हजार १ सय पुर्‍याउन बिहीबार साँझसम्म पनि मलेसिया सरकारसँग जोडदार माग गरेको छ । युनियनले हालको १ हजार ७०० रिंगेटले श्रमिकहरूलाई आधारभूत आवश्यकता पूरा गर्नसमेत धौ-धौ परिरहेको भन्दै यसलाई 'लिभिङ वेज'को रूपमा तलब परिमार्जन गर्नुपर्ने अडान राखेको छ । हाल मलेसियाका केही ठुला सरकारी स्वामित्वका कम्पनीहरूले आफ्ना स्थानीय स्थायी कर्मचारीहरूलाई ३ हजार हाराहारीमा पारिश्रमिक दिन सुरु गरिसकेको बताइएको छ ।

मलेसिया सरकारले आगामी बजेटमार्फत न्यूनतम तलबलाई हालको १ हजार ७ सयमा ३ सय थप गरेर २ हजार रिगेट पुर्‍याउने अन्तिम चरणको छलफल गरिरहेको मलेसियाका सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन् । निजी क्षेत्र र साना तथा मझौला उद्योगहरूले एकैपटक ठुलो आकारमा तलब बढाए धान्न नसकेर व्यवसायहरू बन्द हुने स्थिति आउन सक्ने चेतावनी दिएका छन् । त्यसैले पनि सरकारले थोरै मात्र तलब बढाएर रोजगारदाता र श्रमिक दुवै पक्षबीचमा सन्तुलनको मध्यमार्गी बाटो रोज्न सक्ने आकलन गरिएको छ ।

मलेसियाका मानव संशाधन मन्त्री दातुक सेरी आर. रामानन्ले आगामी बजेटमा तलब बढाउनेभन्दा कामदारहरूको सीप वृद्धि र पुनः सीप विकास केन्द्रबिन्दुमा रहने बताएका छन् । उनले मलेसियामा आउने विदेशी पुँजीले सिर्जना गर्ने रोजगारीबाट मलेसियाली नागरिकभन्दा विदेशीहरूले लाभ पाएको भन्दै त्यसलाई रोक्न पनि मलेसियाका स्थानीयको सीप र दक्षता बढाउन रकम विनियोजन हुने बताएका छन् ।

## कांग्रेस...

छन् । उनका २ जना प्रतिस्पर्धी छन् । नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका पूर्वअध्यक्ष तिलकबहादुर रानाभाट, किरण किशोर घिमिरे, केही समयअघि व्यवसायबाट अलग भएको घोषणा गरेका ऋषि शर्मा खुला केन्द्रीय सदस्य तथा राधिका कटुवाल खुला महिला सदस्यमा प्रतिस्पर्धामा छन् । व्यवसायीहरू ऋषिराम कँडेल खसआर्य र अभिनयमान सिंह बस्न्यात ३५ वर्षमुनिको केन्द्रीय सदस्यका उम्मेदवार छन् । व्यवसायी जवारदिन मिया मुन्ना मुस्लिम केन्द्रीय सदस्य, कमल तामाङ र युवराज गुरुङ जनजाति केन्द्रीय सदस्य तथा राजेश्वर कुमार राय अपाङ्गतातर्फ केन्द्रीय सदस्यका उम्मेदवार छन् ।

महाधिवेशनमा हाल एसोसिएसनमा आबद्ध १६ जना व्यवसायीसहित विगतमा वैदेशिक रोजगार व्यवसायमा जोडिएर छोडेका गरी ४० जना हाराहारीमा महाधिवेशन प्रतिनिधि रहेको एसोसिएसन सम्बद्ध स्रोतले बताएको छ ।

नेपाली कांग्रेसको शुभेच्छुक संस्था नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका तर्फबाट ३ जना छनोट भएका छन् । कार्यवाहक अध्यक्ष सुवर्ण लामा, महासचिव सुमनराज पाण्डे र हिरादेवी बुढाथोकी महाधिवेशन प्रतिनिधिमा छनोट भएका छन् ।

# देशभर फैलियो स्क्रब टाइफस



- डोल्पा, मनाङ र मुगुबाहेक ७४ जिल्लामा संक्रमण
- संक्रमणबाट सातजनाको मृत्यु पुष्टि भएको छ भने अरू १५ जनाको मृत्युको कारण पनि यसैलाई मानिएको छ। त्यसको पुष्टि गर्न लागिएको छ।

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, २२ असोज

स्क्रब टाइफसको संक्रमण देशभर फैलिएको छ । स्वास्थ्य सेवा विभाग, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका अनुसार देशका ७४ जिल्लामा संक्रमण फैलिइसकेको छ । हालसम्म १० हजार २१० जनामा संक्रमण पुष्टि भइसकेको छ ।

डोल्पा, मनाङ र मुगुबाहेक सबै जिल्लामा संक्रमण देखिएको हो । संक्रमणबाट सातजनाको मृत्यु पुष्टि भएको छ । २२ जनाको मृत्यु रिपोर्ट भएकोमा बाँकी १५ जनाको मृत्यु स्क्रब टाइफसकै कारण भए-नभएको प्रमाणीकरण भइरहेको छ । यसले संक्रमितको संख्या र मृत्युको वास्तविक आँकडा अझै नआएको देखाउँछ।

स्क्रब टाइफसको सुरुवाती लक्षण सामान्य ज्वरो, टाउको दुख्ने, शरीर दुख्ने र कमजोरी हुने हुन्छ। त्यसैले धेरैले यसलाई मौसमी ज्वरो ठानेर घरमै औषधि खाने गर्छन् । सामान्य ज्वरो ठानेर घरमै बस्ने प्रवृत्तिले स्वास्थ्य संस्था पुग्न ढिलाइ हुँदा संक्रमण फैलिन सक्छ ।

समयमै पहिचान र उपचार नहुँदा संक्रमणले फोक्सो, मिर्गौलालगायत महत्त्वपूर्ण अंगमा असर पुऱ्याउन सक्छ । ग्रामीण क्षेत्रमा ज्वरो आएपछि तत्काल परीक्षण नगरी घरमै औषधि सेवन गर्ने प्रवृत्तिले रोग देशभर फैलिएको चिकित्सकको दाबी छ ।

संक्रमित माइटको टोकाइबाट मानिसमा सर्ने यो रोग वर्षायाम र त्यसपछिको समयमा बढी देखिन्छ । खेतबारी, झाडी तथा घाँसमा काम गर्ने मानिसमा यसको जोखिम बढी हुन्छ। तर संक्रमण ग्रामीण क्षेत्रमा मात्र सीमित नरहेकाले जोखिमलाई निश्चित भूगोलसँग मात्र जोडेर हेर्न नसकिने स्वास्थ्य शुक्रराज ट्रपिकल तथा सरुवारोग अस्पतालका संक्रामकरोग विशेषज्ञ डा. शेरबहादुर पुन बताउँछन् ।

यस वर्ष पछिल्ला महिनामा संक्रमणको गति थप तीव्र भएको तथ्यांकले देखाउँछ । जनवरीमा ३२६ संक्रमित भेटिएकामा अगस्टमा २ हजार ५७१ र सेप्टेम्बरमा २ हजार ८३३ जनामा संक्रमण पुष्टि भएको थियो । वर्षको पछिल्लो चरणमा संक्रमण उल्लेख्य रूपमा बढेको देखिन्छ। यही अवधिमा बिरामीमा जटिलता देखिने सम्भावना पनि बढ्ने भएकाले स्वास्थ्य संस्थालाई परीक्षण र उपचारका लागि तयार राख्नुपर्ने डा. पुनको भनाइ छ।

स्क्रब टाइफसका कारण मृत्यु हुँदा प्रत्यक्ष कारण निमोनिया, मिर्गौला फेल, श्वासप्रश्वासमा समस्या वा बहुअंग विफलता देखिन सक्छ। यस्तो अवस्थामा मृत्युको मूल कारण स्क्रब टाइफस हो कि अन्य स्वास्थ्य समस्या भन्ने छुट्याउन थप परीक्षण र चिकित्सकीय मूल्यांकन आवश्यक हुन्छ । त्यसैले रिपोर्ट भएको र पुष्टि भएको मृत्युको तथ्यांक फरक देखिएको हो ।

सरकारले संक्रमण नियन्त्रणका लागि परीक्षण किट र औषधिको व्यवस्थापन गरिरहेको जनाएको छ । स्वास्थ्य सेवा विभागमा थप परीक्षण किट मौज्दात राखिएको छ भने प्रभावित क्षेत्रमा आवश्यक औषधि पठाइएको छ । स्वास्थ्यकर्मीलाई रोग पहिचान तथा उपचारसम्बन्धी तालिमसमेत दिइएको छ ।

चिकित्सकका अनुसार, स्क्रब टाइफस नियन्त्रणमा औषधि अभावभन्दा समयमै रोग पहिचान हुन नसक्दा समस्या बढेको छ । ज्वरोसँगै शरीर दुख्ने, टाउको दुख्ने, असामान्य कमजोरी हुने वा माइटले टोकेको स्थानमा कालो दागजस्तो घाउ देखिएमा तत्काल स्वास्थ्य संस्था पुग्नुपर्ने डा. पुनको सुझाव छ । समयमै पहिचान भए एन्टिबायोटिकबाट उपचार सम्भव हुन्छ । ढिलाइ हुँदा सामान्य ज्वरो गम्भीर संक्रमणमा परिणत हुन सक्छ ।

## के हो स्क्रब टाइफस ?

स्क्रब टाइफस 'ओरिएन्टिया सुत्सुगामुसी' नामक ब्याक्टेरियाबाट हुने संक्रामक रोग हो। संक्रमित लार्भा माइट (चिगर)ले टोकेपछि मानिसमा यसको संक्रमण हुन्छ। नेपाल सरकारले जारी गरेको 'स्क्रब टाइफसको निदान, उपचार तथा रोकथामसम्बन्धी राष्ट्रिय निर्देशिका'ले पनि संक्रमित माइटलाई यसको प्रमुख प्रसारण माध्यम मानेको छ । यो रोग मानिसबाट मानिसमा सामान्य सम्पर्क, हात मिलाउँदा वा एउटै भाँडामा खाना खाँदा सर्दैन । खेतबारी, घाँसेमैदान, झाडी तथा वनस्पतिले ढाकिएका क्षेत्रमा संक्रमित माइटको सम्पर्कमा आउँदा जोखिम बढ्छ ।

डा. पुनका अनुसार, स्क्रब टाइफसका लक्षण सामान्य ज्वरोसँग मिल्दोजुल्दो हुन्छ । उच्च ज्वरो, टाउको तथा शरीर दुख्ने, अत्यधिक कमजोरी, पेट दुख्ने, वाकवाकी र बिमिरा आउनेजस्ता लक्षण देखिन सक्छन् । माइटले टोकेको स्थानमा कालो डाम वा घाउसमेत देखिन सक्छ। समयमै उपचार नभए फोक्सो, मिर्गौला र मस्तिष्कमा असर पुगेर अंगले काम गर्न छाड्ने र मृत्यु हुने जोखिम हुन्छ ।

हाल प्रभावकारी नियमित खोप उपलब्ध नभएकाले संक्रमित माइटको टोकाइबाट बच्नु मुख्य उपाय हो । खेतबारी वा झाडीमा काम गर्दा शरीर ढाक्ने कपडा र जुत्ता लगाउने, घाँसमा सिधै नबस्ने, माइट भगाउने पदार्थ प्रयोग गर्ने तथा कामपछि शरीर सफा गर्ने सावधानी अपनाउनुपर्छ ।

# आन्दोलनरत चिकित्सकसँग शिक्षा मन्त्रालयको छलफल



**काठमाडौं/मस–** वीरगन्जस्थित नेशनल मेडिकल कलेजका रेजिडेन्ट चिकित्सकहरूले आफूहरूले भोग्दै आएका समस्या समाधानका लागि सरकारसँग विशेष पहल गर्न आग्रह गरेका छन् । विगत २४ दिनदेखि आन्दोलनरत रेजिडेन्ट चिकित्सकहरूले सिंहदरबारस्थित शिक्षा तथा खेलकुद मन्त्रालय पुगेर आफ्ना गुनासा र माग प्रस्तुत गरेका हुन् । मन्त्रालयमा आयोजित छलफलमा पहिलो वर्षमा अध्ययनरत ४० भन्दा बढी रेजिडेन्ट चिकित्सकले कलेजमा अध्ययन तथा काम गर्ने क्रममा भोग्दै आएका समस्या मन्त्रालयका उच्च अधिकारीसमक्ष राखेका थिए । रेजिडेन्ट चिकित्सकले कलेज व्यवस्थापनबाट विद्यार्थीलाई अनावश्यक दबाब दिइएको र अध्ययनका लागि आवश्यक शैक्षिक वातावरण नरहेको आरोप लगाएका छन् । उनीहरूले कलेजमा शान्तिपूर्ण र मर्यादित वातावरण निर्माण गरी अध्ययनमा फर्कने अवस्था बनाउन सरकारसँग आग्रह गरेका छन् ।

छलफलमा शिक्षामन्त्रीका प्रमुख सल्लाहकार शैलेन्द्र झासहित मन्त्रालयका उच्च अधिकारी सहभागी थिए । रेजिडेन्ट चिकित्सकले आफूहरू सरकारप्रति आशावादी रहेकाले समस्या समाधानको पहलका लागि मन्त्रालयसम्म आएको बताएका छन् । निजी मेडिकल कलेजमा 'फेक फाइल' र 'फेक फ्याकल्टी' रहेको दाबी गर्दै त्यसबारे छानबिन गर्न चिकित्सकले माग गरेका छन् । त्यस्ता गतिविधिमा संलग्न चिकित्सक तथा सम्बन्धित व्यक्तिमाथि आवश्यक कारबाही गर्नुपर्ने उनीहरूको माग छ ।

आन्दोलनरत चिकित्सकले कलेजमा तत्काल फर्किएर अध्ययन गर्ने वातावरण नरहेको बताएका छन्। समस्या सम्बोधन नभएसम्म आन्दोलन जारी रहने उनीहरूको भनाइ छ । मन्त्रालयले रेजिडेन्ट चिकित्सकले उठाएका विषयमा आवश्यक पहल गर्ने प्रतिबद्धता जनाएको छ । शिक्षामन्त्रीका प्रमुख सल्लाहकार झाले रेजिडेन्ट चिकित्सकका वास्तविक समस्या जान्ने उद्देश्यले छलफल गरिएको बताए ।

कलेजमा देखिएका समस्या समाधानका लागि सम्बन्धित पक्षसँग समन्वय गरी आवश्यक कदम चाल्ने विषयमा छलफल भएको मन्त्रालयले जनाएको छ । रेजिडेन्ट चिकित्सकले भने सरकारको पहलबाट आफूहरूको समस्या समाधान हुने र कलेजमा पुनः शान्तिपूर्ण रूपमा अध्ययन गर्ने वातावरण बन्ने अपेक्षा गरेका छन्।

त्यस्तै, चिकित्सा शिक्षा आयोगका उपसचिव रामचन्द्र शर्माले विद्यार्थीको समस्यालाई लिएर आयोग गम्भीर रहेको र यसको समाधानका लागि आवश्यक पहल गर्ने बताएका छन् ।

# विद्युत् व्यापारमा निजी क्षेत्रलाई सहभागी गराउने सरकारको तयारी




**काठमाडौं/मस–** सरकारले आन्तरिक विद्युत् खपत बढाउने तथा अतिरिक्त विद्युत्को अन्तरदेशीय बजार विस्तार गर्ने उद्देश्यले विद्युत् व्यापारमा निजी क्षेत्रको सहभागितालाई व्यवस्थित गर्ने तयारी अघि बढाएको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले विद्युत् उत्पादन क्षमता विस्तारसँगै बढ्दो उत्पादन र मागबीच सन्तुलन कायम गर्न तथा उत्पादित विद्युत्को बजार सुनिश्चित गर्न कानुनी, नियामकीय र संस्थागत आधार सुदृढ बनाउने नीति लिएको हो । मन्त्रालयले ऊर्जा क्षेत्रलाई विद्युत् उत्पादन, प्रसारण, आन्तरिक खपत, विद्युत् व्यापार र क्षेत्रीय ऊर्जा बजारसँग जोडिएको एकीकृत प्रणालीका रूपमा विकास गर्ने तयारी गरेको छ । यसअन्तर्गत आन्तरिक बजारको विस्तारसँगै अतिरिक्त विद्युत्को अन्तरदेशीय व्यापारका लागि आवश्यक संरचना र व्यवस्थालाई प्राथमिकता दिइनेछ ।

प्रस्तावित व्यवस्थाअनुसार निजी क्षेत्रले विद्युत् व्यापारका लागि सम्भावित बजार पहिचान गर्ने, व्यापारिक साझेदार खोज्ने तथा कारोबारसँग सम्बन्धित जोखिम व्यवस्थापन गर्ने अवसर पाउनेछ ।

विद्युत् व्यापारमा संलग्न हुन चाहने प्रस्तावित कम्पनीहरूलाई प्रारम्भिक तयारीका लागि नो अब्जेक्सन सर्टिफिकेट (एनओसी) वा आशय पत्र (एलओआई) उपलब्ध गराउने व्यवस्था प्रस्ताव गरिएको छ । यद्यपि, यस्तो प्रमाणपत्र वा आशय पत्रलाई विद्युत् व्यापार सञ्चालन गर्ने अन्तिम अनुमति पत्रका रूपमा मानिने छैन । प्रस्तावित व्यवस्थाले कम्पनीहरूलाई व्यापारिक सम्भाव्यता अध्ययन, बजार खोजी तथा सम्भावित साझेदारसँग समन्वय गर्न प्रारम्भिक आधार उपलब्ध गराउने उद्देश्य राखेको छ। विद्युत् उत्पादन क्षमता बढ्दै गएको अवस्थामा आन्तरिक खपत विस्तारसँगै अतिरिक्त विद्युत्को क्षेत्रीय बजारमा पहुँच बढाउन निजी क्षेत्रको सहभागितालाई व्यवस्थित गर्ने सरकारको तयारी रहेको छ ।

## त्रिविको बजेट ९.७७ प्रतिशत बढ्यो

# शैक्षिक क्यालेन्डर प्रभावित भए कारण र सुधारको समयसीमा सार्वजनिक गर्न निर्देशन



**काठमाडौं/मस–** शिक्षा तथा खेलकुद मन्त्री एवं त्रिभुवन विश्वविद्यालयका सहकुलपति सस्मित पोखरेलले विश्वविद्यालयको शैक्षिक सुधारका लागि निश्चित शैक्षिक क्यालेन्डर, सुशासन र प्रविधिको उच्चतम प्रयोग अनिवार्य हुनुपर्नेमा जोड दिएका छन् ।

कीर्तिपुरस्थित त्रिभुवन स्मृति आज भवनमा आयोजित त्रिवि सभाको ६७औं वार्षिक दिवसको बैठकमा अध्यक्षता गर्दै उनले विश्वविद्यालयलाई समयसापेक्ष, अनुसन्धानमुखी र अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धी बनाउनुपर्ने बताएका छन् ।

मन्त्री पोखरेलले प्रवेश परीक्षा, भर्ना, अध्ययन अध्यापनदेखि परीक्षा र नतिजा प्रकाशनसम्मका सबै प्रक्रिया समय तालिका अनुसार सञ्चालन गर्न पदाधिकारीहरूलाई निर्देशन दिएका छन् ।

क्यालेन्डर प्रभावित भएमा त्यसको स्पष्ट कारण र सुधारको समयसीमा सार्वजनिक गर्नुपर्ने उनको भनाइ छ। यस सन्दर्भमा उनले निर्देशन दिँदै भने, 'प्रवेश परीक्षा, विद्यार्थी भर्ना, अध्ययन अध्यापनको समयावधि, प्रभावकारी आन्तरिक मूल्यांकन, अन्तिम परीक्षाको नतिजा प्रकाशन, मार्कसिट, ट्रान्सक्रिप्ट र प्रमाणपत्र वितरणको यथार्थ समय तालिका र प्रविधिको उच्चतम प्रयोग गरी विद्यार्थीहरूलाई सेवा प्रवाह गर्न ठोस कार्ययोजना बनाई अगाडि बढ्न सम्बन्धित पदाधिकारीहरूलाई निर्देश गर्दछु। कुनै कारणले क्यालेन्डर प्रभावित भए त्यसको सार्वजनिक कारण र सुधारको समयसीमा पनि सार्वजनिक गर्न सम्बन्धित सबैलाई अनुरोध गर्दछु ।'

परीक्षा प्रणालीमा फेरबदल गर्दै अब विद्यार्थीले कति लेख्यो भन्दा पनि उसले कति सिक्यो भन्ने कुराको मापन गर्नुपर्ने मन्त्री पोखरेलको जोड थियो । रटेको ज्ञानभन्दा व्यावहारिक र सिर्जनशील जनशक्ति उत्पादन गर्नुपर्ने औंल्याउँदै उनले थपे, 'परीक्षामा विद्यार्थीले कति लेख्यो मात्र होइन, उसले कति सिक्यो भन्ने पनि मापन गरौं। अब रटेको ज्ञान होइन, समस्या समाधान गर्ने क्षमता, सिर्जनशीलता, अनुसन्धान क्षमता र व्यावहारिक दक्षता विकास गर्न सक्ने गरी अध्यापन र अनुसन्धान कार्यमा संलग्न रहन सम्बन्धित प्राध्यापकज्यूहरूलाई समेत अनुरोध गर्न चाहन्छु ।'

देशका विभिन्न समस्याको समाधान खोज्न विश्वविद्यालयले अनुसन्धानलाई प्राथमिकता दिनुपर्नेमा पनि उनले विशेष जोड दिए । विश्वविद्यालयका सम्पूर्ण सुधारको केन्द्रबिन्दु विद्यार्थी हुनुपर्ने स्पष्ट पार्दै मन्त्री पोखरेलले कृत्रिम बुद्धिमत्तालगायत प्रविधिलाई अवसरका रूपमा लिनुपर्ने बताए ।

**वार्षिक बजेट वृद्धि**

त्रिभुवन विश्वविद्यालय(त्रिवि)को वार्षिक बजेट वृद्धि भएको छ। गत वर्षको तुलनामा ९.७७ प्रतिशतले वृद्धि भएको हो । बिहीबार बसेको त्रिवि सभाले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि रु ३० अर्ब ८७ करोड ११ लाख आठ हजारको बजेट विनियोजन गरेको छ । विश्वविद्यालयको ६७ औं सभामा रजिष्ट्रार डा. रवीन्द्र सिवाकोटीले प्रस्तुत गरेको उक्त बजेट गत आर्थिक वर्षको तुलनामा नौ दशमलव ७७ प्रतिशतले बढी हो ।

विश्वविद्यालयले प्रस्ताव गरेको कूल बजेटमध्ये ४९ दशमलव ३८ प्रतिशत अर्थात् रु १५ अर्ब २४ करोड २७ लाख पाँच हजार आन्तरिक स्रोतबाट र ५० दशमलव ६२ प्रतिशत अर्थात् रु १५ अर्ब ६२ करोड ८४ लाख तीन हजार नेपाल सरकारबाट व्यहोर्ने अनुमान गरेको छ । चालु आर्थिक वर्षका लागि नेपाल सरकारले त्रिविलाई रु सात अर्ब ३१ करोड छ लाख ५६ हजार अनुदान उपलब्ध गराएको छ। यो गत वर्षको तुलनामा रु चार अर्ब ८० करोड कम हो ।

शिक्षक तथा कर्मचारीको तलब वृद्धि र प्रोत्साहन भत्ताबाट थप दायित्व सिर्जना हुने भएकाले विश्वविद्यालयलाई कूल रु आठ अर्ब ३१ करोड ७७ लाख ४७ हजार अपुग हुने त्रिविले जनाएको छ । विश्वविद्यालयका अनुसार उक्त रकम सरकारले उपलब्ध नगराए अनिवार्य दायित्वअन्तर्गतका खर्चसमेत धान्न कठिन हुने अवस्था छ । आवश्यक रकमको व्यवस्था गर्न नेपाल सरकारसँग पहल भइरहेको त्रिविले जनाएको छ। विश्वविद्यालयले अपुग रकम व्यवस्था गरिदिन प्रधानमन्त्री एवं त्रिविका कुलपतिसमक्ष आग्रहसमेत गरेको छ ।

प्रस्तावित बजेटमध्ये सञ्चालन खर्चमा ८६ दशमलव १४ प्रतिशत र पुँजीगत खर्चमा १३.८६ प्रतिशत विनियोजन गर्ने प्रक्षेपण गरिएको छ । त्रिविले प्राध्यापक तथा कर्मचारीको क्षमता अभिवृद्धिका लागि तालिम, सेमिनार तथा गोष्ठी सञ्चालन गर्न रु २१ करोड ७७ लाख ८९ हजार विनियोजन गरेको छ । अनुसन्धान तथा विकासका लागि रु ४३ करोड ७५ लाख ५२ हजार छुट्याइएको छ । यो कूल बजेटको १.४१ प्रतिशत हो ।

त्यस्तै, सूचना प्रविधि तथा प्रशासनिक संयन्त्र व्यवस्थापनका लागि रु आठ करोड विनियोजन गरिएको छ । करार सेवामा कार्यरत शिक्षक तथा कर्मचारीलाई आन्तरिक स्रोतबाट दिइँदै आएको महँगी भत्ता र चाडपर्व खर्चलाई समेत निरन्तरता दिने व्यवस्था गरिएको त्रिविले जनाएको छ ।

नेपाल सरकारको निर्णयअनुसार २०८३ साउन १ गतेदेखि लागू हुने नयाँ तलबमान र एक दिनको तलब बराबरको ग्रेड रकम उपलब्ध गराउने व्यवस्था गरिएको छ । तलब वृद्धि भएपछि कायम हुने तलबमानको १० प्रतिशत मासिक प्रोत्साहन भत्तासमेत सोही मितिदेखि लागू गर्ने प्रस्ताव गरिएको छ ।

यसैगरी, बजेट सीमाभन्दा बढी खर्च गर्ने प्रवृत्तिलाई नियन्त्रण गर्न आन्तरिक स्रोतबाट अत्यावश्यक खर्च गर्नुपरे सम्बन्धित निकायले केन्द्रीय कार्यालयबाट अनिवार्य पूर्वस्वीकृति लिनुपर्ने व्यवस्था गरिएको छ ।

# सशस्त्र प्रहरीको चाडपर्व विशेष सुरक्षा लागू, २८ हजार जनशक्ति परिचालित



**काठमाडौं/मस–** सशस्त्र प्रहरी बलले 'चाडपर्व लक्षित विशेष सुरक्षा योजना, २०८३' लागू गरेको छ। चाडपर्वको समयमा सीमावर्ती इलाका तथा अन्य स्थानमा अप्रिय घटना हुन नदिन २८ हजार १२६ जनशक्ति परिचालित गरिएको सशस्त्र प्रहरीका प्रवक्ता नेत्रबहादुर कार्कीले जानकारी दिए। सशस्त्रका चार हजार ५०० जनशक्तिलाई तत्कालै खटाउन सक्ने गरी तयारी अवस्थामा राखिएको छ ।

सशस्त्र प्रहरीले अन्तरराष्ट्रिय सीमा जोडिएका भारत र चीनका समकक्षी सुरक्षा निकायसँगको समन्वयमा १४१ स्थानमा नागरिक सहायता कक्ष, १६ स्थानमा नागरिक स्वास्थ्य कक्ष र १३ स्थानमा पर्यटक सहायता कक्ष सञ्चालनमा ल्याएको उनले बताए ।

समकक्षी सुरक्षा निकायसँगको समन्वयमा सीमावर्ती इलाकामा संयुक्त गस्ती सञ्चालन गरिएको छ भने झापाको काँकडभिट्टा, पर्साको वीरगञ्ज, रुपन्देहीको बेलहिया र बाँकेको जमुनाह नाकामा अवैध हातहतियार, विष्फोटक पदार्थ र लागूऔषध पहिचान गर्न सक्ने तालिम प्राप्त कुकुर परिचालन गरिएको छ। बडादसैं, तिहार, नेपाल संवत् र छठ तथा अन्य चाडपर्वमा हुनसक्ने आपराधिक क्रियाकलाप नियन्त्रण, मुख्य राजमार्गमा हुनसक्ने दुर्घटना न्यूनीकरण र शीघ्र उद्धारका लागि ३७ स्थानमा एम्बुलेन्ससहितको टोली परिचालन गरिएको छ ।

ठूला दुर्घटनाको जोखिमलाई ध्यानमा राखी एकैपटक ठूलो संख्यामा घाइतेलाई अस्पतालसम्म लैजान सकिने खालका सवारी साधन उपत्यकासहित सातै प्रदेशमा तैनाथ गरिएका छन् ।

विपद्को अवस्थामा तत्काल परिचालन हुनसक्ने गरी धनकुटाको मुलघाट, बाराको निजगढ, धादिङको आदमघाट, म्याग्दीको बेनी, दाङको भालुवाङ, सुर्खेतको चिप्ले, डडेल्धुराको अमरगढी र सिन्धुलीको खुर्कोटलगायत देशभर ५५ वटा अस्थायी मनसुन विपद् प्रतिकार्य वेश तथा १६ वटा स्थायी विपद् वेशमा आवश्यक स्रोतसाधनसहित तालिम प्राप्त दक्ष जनशक्ति तयारी हालतमा राखिएको प्रवक्ता कार्कीले जानकारी दिए ।

**वार्षिक साधारणसभा सम्बन्धि सूचना**

राष्ट्रिय एचआइभी तथा एड्स महासंघ नेपालको २३ औं वार्षिक साधारणसभा तथा अधिवेशन निम्न मिति र स्थानमा बस्ने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कार्यक्रमः २०८३ कार्तिक १२-१३ गते**
**स्थान : द नारायणी रिसोर्ट गैडाकोट नवलपरासी**

मध्यान्ह
www.madhyanhadaily.com
२३ असोज २०८३ शुक्रबार
9 October 2026 Friday

## सम्पादकीय

# ज्वरोलाई सामान्य नठानौं

देशका ७४ जिल्लामा स्क्रब टाइफस संक्रमण फैलिएको छ । यसबाट १० हजार २१० जनामा संक्रमण पुष्टि भएको छ । सातजनाको मृत्यु पुष्टि भइसकेको छ भने थप १५ जनाको मृत्युको कारण शंकास्पद छ । स्क्रब टाइफस नेपालमा नयाँ रोग नभए पनि अहिले जुन रफ्तारमा संक्रमण फैलिइरहेको छ, त्यसले चिन्ता बढाएको छ । स्क्रब टाइफस हुँदा सामान्य ज्वरो आउँछ । टाउको र शरीर दुख्छ । कमजोरी हुन्छ । त्यसैले धेरैले यसलाई सामान्य मौसमी ज्वरो ठान्छन् । घरमै औषधि खान्छन् । स्वास्थ्य संस्था पुग्न ढिला गर्छन् । यही ढिलाइ जोखिमपूर्ण बन्न पुग्छ । समयमै उपचार नपाउँदा संक्रमण फोक्सो, मिर्गौला र मस्तिष्कसम्म पुग्न सक्छ । बिरामीको अवस्था गम्भीर बन्न सक्छ । त्यसैले ज्वरोलाई सामान्य ठानेर बेवास्ता गर्नु हुँदैन ।

स्क्रब टाइफस संक्रमित किर्नाको टोकाइबाट सर्छ । खेतबारी, झाडी, घाँसेमैदान र वनस्पतिले ढाकिएका क्षेत्रमा यसको जोखिम बढी हुन्छ । तर अहिले यो ग्रामीण क्षेत्रमा मात्र सीमित छैन । ७४ जिल्लामा संक्रमण फैलिनुले जोखिमको दायरा पनि फराकिलो भएको देखिन्छ । रोग नियन्त्रणका लागि सरकारले परीक्षण किट र औषधिको व्यवस्था गरेको जनाएको छ । स्वास्थ्यकर्मीलाई तालिम पनि दिइएको छ । यी प्रयासलाई अझ प्रभावकारी बनाउन आवश्यक छ । संक्रमण धेरै जिल्लामा फैलिएको अवस्थामा स्थानीय स्वास्थ्य संस्थालाई परीक्षण र उपचारका लागि सक्षम बनाउनुपर्छ । तथ्यांक व्यवस्थापनमा पनि सुधार गर्न जरूरी छ । २२ जनाको मृत्यु रिपोर्ट भएकोमा सातजनाको मात्र स्क्रब टाइफसबाट मृत्यु पुष्टि भएको छ । बाँकी १५ जनाको मृत्युको कारण खोजिँदै छ । मृत्युको वास्तविक कारण पहिचान गर्न प्रभावकारी परीक्षणको खाँचो देखिएको छ ।

रोग नियन्त्रणमा नागरिक स्वयंको भूमिका पनि महत्त्वपूर्ण छ । खेतबारी वा झाडीमा काम गर्दा शरीर ढाक्ने कपडा र जुत्ता लगाउनुपर्छ । घाँसमा सिधै बस्नु हुँदैन । किर्ना भगाउने विषादि प्रयोग गर्न सकिन्छ । काम सकेपछि शरीरको सरसफाइमा ध्यान दिनुपर्छ । सबैभन्दा महत्त्वपूर्ण कुरा ज्वरोसँगै शरीर दुख्ने, अत्यधिक कमजोरी हुने वा किर्नाले टोकेको ठाउँमा कालो दागजस्तो घाउ देखिए तत्काल स्वास्थ्य संस्था पुग्नुपर्छ । समयमै पहिचान भए उपचार सहज र सम्भव छ । समयमै परीक्षण, सही उपचार र सामान्य सावधानी नै स्क्रब टाइफस नियन्त्रणको मुख्य उपाय हो । देशभर रोग फैलिएकाले सरकारले स्वास्थ्य सेवा प्रभावकारी बनाउनुपर्ने खाँचो छ । नागरिक पनि सचेत हुनुपर्छ ।

# डिजिटल पर्यटनको नयाँ बाटो

नेपालको पर्यटनमा प्राकृतिक र सांस्कृतिक सम्पदा मात्र पर्याप्त छैन । डिजिटल प्रविधि, कृत्रिम बुद्धिमत्ता, तथ्यांक र विश्वभरको नेपाली डायस्पोरालाई जोडेर नयाँ पर्यटन रणनीति बनाउन आवश्यक छ । व्यक्तिगत यात्रा योजना, लक्षित डिजिटल प्रचार, हवाई कनेक्टिभिटी, सुरक्षा सुधार र नयाँ बजार विस्तारमार्फत नेपालले विश्व पर्यटनमा आफ्नो उपस्थितिलाई थप प्रभावकारी र दिगो बनाउन सक्छ ।

**अग्रलेख**



● सोमनाथ सापकोटा

आज पर्यटन केवल कुनै गन्तव्यमा पुगेर दृश्यावलोकन गर्ने विषयमा सीमित छैन । पर्यटकले यात्रा सुरु गर्नुअघि नै मोबाइल, सर्च इन्जिन, सामाजिक सञ्जाल, डिजिटल नक्सा, अनलाइन समीक्षा र कृत्रिम बुद्धिमत्ता (एआई)मार्फत गन्तव्यबारे जानकारी लिइरहेको हुन्छ । कहाँ जाने, के हेर्ने, कहाँ बस्ने, के खाने, कति खर्च गर्ने र कस्तो अनुभव प्राप्त गर्ने भन्ने निर्णयसमेत डिजिटल माध्यमबाट हुन थालेको छ ।

अब एआईले पर्यटन परिवर्तन गर्छ कि गर्दैन भन्नेभन्दा नेपालले डिजिटल परिवर्तनबाट कति छिटो र प्रभावकारी रूपमा लाभ लिनसक्छ भन्ने विषय महत्त्वपूर्ण छ । नेपालसँग विश्वलाई आकर्षित गर्ने सम्पदाको कुनै कमी छैन । सगरमाथादेखि लुम्बिनीसम्म, हिमालदेखि तराईसम्म, साहसिक पर्यटनदेखि आध्यात्मिक, सांस्कृतिक तथा वेलनेस पर्यटनसम्म नेपालसँग असाधारण सम्भावना छन् । प्राकृतिक सौन्दर्य, जैविक विविधता, ऐतिहासिक तथा सांस्कृतिक सम्पदा, नेपाली खाना र सबैभन्दा महत्त्वपूर्ण नेपालीको मौलिक आतिथ्य हाम्रा प्रमुख शक्ति हुन् । तर आजको प्रतिस्पर्धात्मक पर्यटन बजारमा केवल सम्पदा भएर मात्र पुग्दैन । सही पर्यटकलाई सही समयमा सही सूचना र अनुभव उपलब्ध गराउन सक्नु पनि पर्यटन विकासको महत्त्वपूर्ण आधार हो ।



**डिजिटल संसारमा नेपालको पहिचान**

नेपालबारे विश्वले के बुझ्छ भन्ने कुरा अहिले धेरै हदसम्म डिजिटल संसारमा उपलब्ध सूचनाले निर्धारण गर्छ । पर्यटकले नेपाल आउनुअघि नै गन्तव्य, मौसम, यातायात, होटल, पदमार्ग, सुरक्षा, खर्च र स्थानीय गतिविधिबारे खोजी गर्छ । त्यसैले यी विषयमा आधिकारिक, विश्वसनीय र अद्यावधिक सूचना सहज रूपमा उपलब्ध हुनुपर्छ ।

कुनै एउटा क्षेत्रमा समस्या आउँदा त्यसलाई सम्पूर्ण नेपालकै अवस्थाका रूपमा बुझिने अवस्था सिर्जना हुनु हुँदैन । नेपाल विविध गन्तव्य भएको मुलुक हो । एउटा क्षेत्रमा अस्थायी समस्या भए पनि अन्य धेरै गन्तव्यमा पर्यटन गतिविधि सामान्य रूपमा सञ्चालन भइरहेका हुन सक्छन् । त्यसैले तथ्यमा आधारित डिजिटल सूचनामार्फत विश्वसामु स्पष्ट सन्देश पुऱ्याउनुपर्छ- नेपाल सुरक्षित छ, नेपाल खुला छ र नेपाल भ्रमणका लागि तयार छ ।

यसका लागि सरकारी निकाय र पर्यटन क्षेत्रले नियमित रूपमा अद्यावधिक हुने डिजिटल सूचना प्रणाली विकास गर्नुपर्छ । पर्यटकले एउटा वेबसाइट वा डिजिटल प्लेटफर्मबाट गन्तव्य, मौसम, यातायात, होटल, पदमार्ग, अनुमति, सुरक्षा र स्थानीय कार्यक्रमबारे विश्वसनीय जानकारी पाउने व्यवस्था आवश्यक छ ।

**पर्यटकअनुसार डिजिटल अनुभव**

डिजिटल युगमा सबै पर्यटकलाई एउटै प्रकारको प्रचार गर्ने परम्परागत शैलीबाट पनि अघि बढ्नुपर्छ । युरोपबाट आउने साहसिक पर्यटकको रुचि भारतबाट आउने पारिवारिक पर्यटकभन्दा फरक हुन्छ । चीनबाट आउने पर्यटकको प्राथमिकता फरक हुन सक्छ भने योग, ध्यान, आध्यात्मिकता वा वेलनेस खोज्ने पर्यटकको आवश्यकता अर्को प्रकारको हुन्छ ।

एआईको प्रयोगबाट पर्यटकको रुचि, समय, बजेट र यात्राको उद्देश्यअनुसार व्यक्तिगत यात्रा योजना तयार गर्न सकिन्छ । कुनै पर्यटकले 'मसँग नेपालमा सात दिन छ, मलाई संस्कृति, प्रकृति र स्थानीय खाना मन पर्छ, म कहाँ जाऊँ ?' भनेर सोध्यो भने डिजिटल प्रणालीले गन्तव्य, यात्रामार्ग, होटल, यातायात, गाइड, मौसम, गतिविधि र स्थानीय कार्यक्रमसमेत समेटिएको यात्रा योजना उपलब्ध गराउन सक्नुपर्छ ।

यसका लागि नेपालले एकीकृत, भरपर्दो र तथ्यमा आधारित डिजिटल पर्यटन प्रणाली विकास गर्न आवश्यक छ । यस्तो प्रणालीले पर्यटकलाई सुविधा मात्र दिँदैन, नेपालका पर्यटन व्यवसायीलाई पनि सम्भावित ग्राहक बुझ्न र सेवा सुधार गर्न सहयोग पुऱ्याउँछ ।

**नयाँ गन्तव्यको डिजिटल प्रचार**

डिजिटल प्रविधिले नेपालका नयाँ तथा कम प्रचारमा आएका गन्तव्यलाई विश्व बजारमा पुऱ्याउने ठूलो अवसर दिएको छ । कर्णालीका गाउँ, हिमाली तथा पहाडी पदमार्ग, स्थानीय संस्कृति, धार्मिक तथा बौद्ध सम्पदा, तराईका गन्तव्य, स्थानीय उत्सव, होमस्टे र नेपाली खानाका कथालाई डिजिटल माध्यमबाट विश्वसामु पुऱ्याउन सकिन्छ । यसका लागि हरेकपटक ठूलो प्रचार बजेट आवश्यक पर्दैन । राम्रो कथा, गुणस्तरीय डिजिटल सामग्री, सामाजिक सञ्जाल, एआई र स्थानीय समुदायको सहभागिताबाट प्रभावकारी प्रचार गर्न सकिन्छ ।

नेपालका गाउँ र स्थानीय समुदायसँग जोडिएका कथा विश्व पर्यटन बजारका लागि आकर्षक हुन सक्छन् । स्थानीय खाना, संस्कृति, परम्परा, पर्व, हस्तकला, कृषि, प्रकृति र समुदायको जीवनशैलीलाई डिजिटल सामग्रीका रूपमा प्रस्तुत गर्न सकिन्छ । यसले पर्यटकलाई केवल गन्तव्य होइन, अनुभव बेच्न मद्दत गर्छ । यससँगै पर्यटन गाइड, होटल तथा होमस्टे व्यवसायी, स्थानीय उद्यमी र युवालाई डिजिटल प्रविधि तथा एआई प्रयोग गर्न सक्षम बनाउनु आवश्यक छ । यसले नयाँ पुस्ताका डिजिटल पर्यटन उद्यमी तयार गर्न सहयोग पुऱ्याउँछ ।

**अन्तर्राष्ट्रिय बजारमा नयाँ रणनीति**

नेपालको अन्तर्राष्ट्रिय पर्यटन बजारमा उपस्थितिलाई पनि नयाँ ढंगले अघि बढाउनुपर्छ । डब्लुटिएम लन्डन, आइटिबी बर्लिन, फिटर म्याड्रिडलगायत प्रमुख अन्तर्राष्ट्रिय पर्यटन मेलामा केवल स्टल राखेर फर्किनेभन्दा व्यावसायिक सम्बन्ध, भेटघाट, मिडिया पहुँच, डिजिटल प्रचार, लगानी र नयाँ पर्यटन साझेदारीका अवसर सिर्जना गर्नुपर्छ । भारत, चीन, बंगलादेशलगायत छिमेकी तथा क्षेत्रीय बजारमा लक्षित प्रचार बढाउनुका साथै सम्भावनायुक्त नयाँ बजार पहिचान गर्दै नेपालको पर्यटन बजारलाई विविध बनाउन आवश्यक छ ।

पर्यटकको बजार विविध भएमा कुनै एउटा देश वा क्षेत्रमा हुने राजनीतिक, आर्थिक वा अन्य असहज परिस्थितिले नेपालको समग्र पर्यटनमा पार्ने असर पनि कम गर्न सकिन्छ । तर बजार विस्तारका लागि प्रचार मात्र पर्याप्त हुँदैन । पर्यटक नेपाल आउन सहज हुनुपर्छ । हवाई सम्पर्क, भिसा प्रक्रिया, सूचना, यातायात, सुरक्षा र सेवाको गुणस्तर पर्यटन विकासका आधारभूत विषय हुन् ।

**सुरक्षा र कनेक्टिभिटी**

पर्यटन प्रवर्धनसँगै पर्यटकको विश्वाससँग जोडिएका आधारभूत विषयलाई पनि प्राथमिकतामा राख्नुपर्छ । विशेषगरी हवाई सुरक्षा तथा अन्तर्राष्ट्रिय उड्डयनसम्बन्धी मापदण्ड र चासोलाई गम्भीरतापूर्वक लिएर आवश्यक सुधारलाई तीव्रता दिनुपर्छ । नेपालमा थप अन्तर्राष्ट्रिय एयरलाइन्स, प्रत्यक्ष उडान र नयाँ गन्तव्यसँग हवाई सम्पर्क विस्तार गर्न आवश्यक छ । पर्यटकलाई नेपाल आउन सहज बनाउनु पनि पर्यटन प्रवर्धनकै महत्त्वपूर्ण हिस्सा हो । नेपालको पर्यटन प्रवर्धनको बजेट पनि मितव्ययी, परिणाममुखी र रणनीतिक हुनुपर्छ । डिजिटल मार्केटिङ, एआई, सामाजिक सञ्जाल, डेटा, निजी क्षेत्र र डायस्पोराको विश्वव्यापी नेटवर्क प्रयोग गरेर सीमित स्रोतबाट प्रभावकारी परिणाम हासिल गर्न सकिन्छ ।

**डायस्पोरा : पर्यटक मात्र होइन, साझेदार**

नेपालको पर्यटन प्रवर्धनमा नेपाली डायस्पोराको भूमिका अझ प्रभावकारी बनाउन सकिन्छ । विश्वभर रहेका नेपालीले स्वयं नेपाल भ्रमण गर्ने र आफ्ना विदेशी साथी, सहकर्मी तथा परिवारलाई नेपाल भ्रमणका लागि प्रेरित गर्ने अभियान सञ्चालन गर्न सकिन्छ ।

भिजिट नेपाल, सेन्ड योर फ्रेन्ड टु नेपाल, नेपाल फेस्टिभल, नेपाल मेला, एभरेस्ट डेजस्ता अभियान विभिन्न देशमा सञ्चालन गर्न सकिन्छ । एनआरएनएका राष्ट्रिय समन्वय परिषद्, नेपाली समुदाय, पर्यटन व्यवसायी, स्थानीय संघसंस्था र सम्बन्धित निकायबीच सहकार्य गरेर यस्ता कार्यक्रमलाई विश्वव्यापी अभियानका रूपमा अघि बढाउन सकिन्छ । डायस्पोरालाई केवल पर्यटनको उपभोक्ता होइन, नेपालका पर्यटन दूत र प्रवर्धनका साझेदारका रूपमा हेर्नुपर्छ । एकजना नेपालीले आफ्ना विदेशी साथीलाई नेपाल ल्याउनु भनेको एउटा पर्यटक थप्नु मात्र होइन, नेपाललाई प्रत्यक्ष अनुभव गर्ने नयाँ व्यक्तिलाई विश्वसँग जोड्नु पनि हो ।

**तथ्यांकमा आधारित पर्यटन**

डिजिटल पर्यटनको अर्को महत्त्वपूर्ण आधार तथ्यांक हो । पर्यटक कहाँबाट आउँछन्, उनीहरू के खोजिरहेका छन्, कति दिन बस्छन्, कति खर्च गर्छन् र कुन गन्तव्यमा जान्छन् भन्ने तथ्यांकका आधारमा पर्यटन नीति, बजेट, बजार रणनीति र पूर्वाधार विकासका योजना बनाउनुपर्छ ।

कुन क्षेत्रमा पर्यटन सामान्य रूपमा सञ्चालन भइरहेको छ, कहाँ अस्थायी समस्या छ र कुन वैकल्पिक गन्तव्य पर्यटकका लागि उपयुक्त हुन सक्छ भन्ने जानकारी तत्काल उपलब्ध गराउने प्रणाली पनि आवश्यक छ । एआई प्रयोग गर्दा तथ्यको शुद्धता र विश्वसनीयतालाई उत्तिकै महत्त्व दिनुपर्छ । गलत सूचना वा पुरानो तथ्यांकका आधारमा तयार भएको डिजिटल सामग्रीले पर्यटकलाई भ्रमित गर्न सक्छ । त्यसैले एआईको प्रयोगसँगै आधिकारिक स्रोतबाट तथ्य प्रमाणित गर्ने प्रणाली आवश्यक छ । व्यक्तिगत डेटा र गोपनीयताको सुरक्षालाई पनि बेवास्ता गर्न हुँदैन ।

**आफ्नै कथा, नयाँ माध्यम**

नेपालले अरू देशको नक्कल गर्न आवश्यक छैन । हामीसँग आफ्नै पहिचान, आफ्नै प्रकृति, आफ्नै संस्कृति र आफ्नै कथा छ । अब त्यसलाई आधुनिक प्रविधिसँग जोडेर विश्वसामु प्रस्तुत गर्ने समय आएको छ । हामी डिजिटल प्रचारबाट डिजिटल रूपान्तरणतर्फ, परम्परागत बजारबाट नयाँ बजारतर्फ, अनुमानबाट तथ्यांकमा आधारित निर्णयतर्फ र डायस्पोरालाई पर्यटकबाट पर्यटन विकासको साझेदारतर्फ अगाडि बढ्नुपर्छ ।

यसका लागि सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल पर्यटन बोर्ड, निजी क्षेत्र, स्थानीय तह, प्रविधि क्षेत्र र विश्वभरको नेपाली डायस्पोराबीच सहकार्य आवश्यक छ । पर्यटन विकास कुनै एउटा निकायको जिम्मेवारी मात्र होइन । सरकार नीति र पूर्वाधार निर्माणमा, निजी क्षेत्र सेवामा, स्थानीय समुदाय अनुभव निर्माणमा र डायस्पोरा अन्तर्राष्ट्रिय पहुँच विस्तारमा सक्रिय हुनुपर्छ । नेपाललाई प्रचार गर्ने मात्र होइन, विश्वका मानिसलाई नेपालसँग जोड्ने अभियान बनाउनुपर्छ । हवाई सुरक्षा र कनेक्टिभिटी सुधारसँगै डिजिटल प्रविधि, एआई डेटा र डायस्पोराको विश्वव्यापी सञ्जाललाई एकीकृत गर्न सके नेपालको पर्यटन प्रवर्धन अझ प्रभावकारी र दिगो बन्न सक्छ ।

**लेखक सापकोटा हाल एनआरएनए आइसिसीका प्रवक्ता तथा पर्यटन प्रवर्धन समितिका अध्यक्ष हुन् ।**

# सडकको सास्ती र दसैं यात्रा

**यात्रा**



● विश्वनाथ खरेल

*दसैंमा लाखौं नेपाली घर फर्कंदै छन् । तर बाढीपहिरोले क्षतिग्रस्त सडक, बढ्दो सवारी चाप, जाम, कमजोर सडक पूर्वाधार र चालकको थकानले यात्रा जोखिमपूर्ण छ । तत्काल उद्धार र ट्राफिक व्यवस्थापनसँगै दीर्घकालीन सडक सुधारमा ध्यान नदिए हरेक वर्षको दसैं यात्रा उस्तै सास्तीपूर्ण बन्नेछ ।*

नेपालीहरूको महान् चाड दसैं आउँदा देशभर उत्साह छाउँछ । घर-परिवारसँग भेटघाट, टीका-आशीर्वाद, नयाँ कपडा र परम्परागत खानाको रमाइलोले सबैलाई तान्छ । तर यो खुसीको यात्रा सुरु हुनुअघि नै लाखौं नेपालीले सडकको सास्ती खेप्नुपर्छ ।

यस वर्ष काठमाडौं उपत्यकाबाट करिब १५ लाख यात्रु बाहिरिने अनुमान छ । सार्वजनिक यातायातबाट मात्रै ६ लाख ५० हजारदेखि ९ लाख ७५ हजारसम्म यात्रु बाहिरिने प्रक्षेपण गरिएको छ । निजी सवारीसमेत जोड्दा यो संख्या अझ बढ्छ । ठूलो चाप व्यवस्थापन गर्नु आफैंमा चुनौती हो । त्यसमाथि हालैको बाढीपहिरोले सडक क्षतिग्रस्त भएकाले यसपटकको यात्रा थप जोखिमपूर्ण बनेको छ ।

दसैं नेपाली संस्कृति र पारिवारिक मेलमिलापको पर्व हो । वर्षभरि सहरमा बसेका युवा, कामदार र विद्यार्थी गाउँघर फर्किन्छन् । टीकाका दिन परिवारका जेठा सदस्यबाट आशीर्वाद लिने परम्परा छ । तर गाउँ फर्किन सडक पार गर्नुपर्छ, जुन यात्रुका लागि हरेक वर्ष चुनौती बन्दै आएको छ ।

नेपालको भौगोलिक बनावट, साँघुरा सडक, तीव्र मोड, खोला-नदीका पुल र पहिरोको जोखिमले यात्रा सहज छैन । मनसुनको अन्त्यतिर भारी वर्षा हुँदा पहिरो खस्ने, सडक भासिने र पुल बग्ने समस्या दोहोरिन्छ । यस वर्ष भोटेकोशी, रोशी खोला र झ्याप्ले खोलालगायत क्षेत्रमा क्षति पुगेको छ । अरनिको राजमार्ग, बिपी राजमार्ग, कान्ति लोकपथ, गल्छी-त्रिशूली र नागढुंगा-मुग्लिन खण्ड विशेष संवेदनशील छन् ।

उपत्यकाबाट बाहिरिने र भित्रिने ८५ देखि ९० प्रतिशत सवारी नागढुंगा, साँगा र फर्पिङ नाकाबाट हुन्छन् । नागढुंगा नाकाबाट मात्रै करिब ५५ प्रतिशत सवारी बाहिरिन्छन् । यी नाकामा जाम हुँदा यात्रुले घण्टौं समय सडकमा बिताउनुपर्छ ।

मुग्लिन-नारायणगढ खण्डमा पहिरोको समस्या पुरानै हो । पहिरो पन्छाएर सडक खुलाइए पनि फेरि पहिरो खस्ने जोखिम रहन्छ । राति अचानक सडक बन्द हुँदा हजारौं यात्रु बाटोमै अलपत्र पर्छन् । पाँच घण्टामा पुगिने दूरी १५ घण्टाभन्दा बढी लाग्ने अवस्था पनि दोहोरिएको छ । दाउन्नेमा पनि लामो जामको समस्या छ । विगतमा १४ किलोमिटर सडक पार गर्न १० देखि १६ घण्टासम्म लागेको उदाहरण छन् ।



सडकको गुणस्तर अर्को मुख्य समस्या हो । साँघुरा सडक, खाल्डाखुल्डी, नालीको समस्या र सडक छेउका भित्ता काट्दा बढ्ने जोखिम वर्षौंदेखि उस्तै छन् । बाढीपहिरोका कारण करिब सात हजार किलोमिटर सडकमा समस्या आएको सरकारी आँकडा छ । यस्तो अवस्थामा दसैंको सवारी चापले समस्या झनै बढाउन सक्छ ।

**सवारी र चालक**

दसैं अवधिमा यात्रुलाई गन्तव्यमा पुऱ्याउन न्यूनतम ४३ हजार ५७४ देखि अधिकतम ६५ हजार ३६१ सार्वजनिक सवारीसाधनका ट्रिप आवश्यक पर्ने अध्ययनले देखाएको छ । तर सवारीसाधन पर्याप्त छैनन् । टिकट काट्दा हुने भिड, कालोबजारी र क्षमताभन्दा बढी यात्रु राख्ने समस्या पनि उस्तै छन् ।

अनलाइन सर्वेक्षणअनुसार ५२ प्रतिशत यात्रु अनलाइन टिकट चाहन्छन् । तर व्यवहारमा टिकट व्यवस्थापन अझै सहज हुन सकेको छैन । थोत्रा सवारी चलाउने, क्षमताभन्दा बढी यात्रु राख्ने र चालकलाई पर्याप्त आराम नदिई लगातार सवारी चलाउने प्रवृत्तिले दुर्घटनाको जोखिम बढाउँछ ।

लामो दूरीका सवारीमा दुई चालक अनिवार्य गर्ने नियम भए पनि यसको पूर्ण कार्यान्वयन हुन सकेको छैन । मादकपदार्थ सेवन, तीव्र गति र जथाभावी ओभरटेकसँगै कमजोर सडकले दुर्घटनाको जोखिम बढाउँछ । दसैं अवधिमा दुर्घटना बढ्ने गरेको विगतको तथ्यांकले पनि देखाउँछ ।

सरकारले सडक मर्मत तथा उद्धारका लागि ५३ वटा हेभी उपकरण तैनाथ गर्ने तयारी गरेको छ । संवेदनशील स्थानमा २४ घण्टा उद्धार टोली राख्ने र नागढुंगा-मुग्लिन खण्डमा पहिरो पन्छाउने, भित्ता काट्ने तथा नाली सफा गर्ने काम तीव्र पारिएको छ । तर मनसुनको प्रभाव कायमै रहेकाले नयाँ पहिरोको जोखिम भने हटेको छैन ।

यातायात व्यवसायीले सडक सुरक्षित नभएसम्म अग्रिम टिकट बुकिङ नखोल्ने निर्णय गरेका छन् । विगतमा दबाबका कारण बुकिङ खोल्दा यात्रु तीन दिनसम्म बाटोमै अलपत्र परेको अवस्था पनि थियो । यसपटक त्यस्तो अवस्था नआओस् भन्नेमा सतर्कता आवश्यक छ ।

सरकारले मौसम र सडकको अवस्था बुझेर मात्र यात्रा गर्न तथा अनावश्यक यात्रा नगर्न आग्रह गरेको छ । ट्राफिक प्रहरीले मद्दत डेस्क, रात्रि गस्ती र प्रविधिमा आधारित निगरानी बढाएको छ । लामो दूरीका सवारीमा दुई चालक, ओभरलोडिङ नियन्त्रण र भाडा अनुगमनमा पनि जोड दिइएको छ ।

तर, तत्कालीन व्यवस्थापनले मात्र समस्या समाधान हुँदैन । सडक विस्तारमा ढिलाइ, कमजोर निर्माण, नियमित मर्मतको अभाव र जलवायु परिवर्तनका कारण बढ्दो बाढीपहिरोले दीर्घकालीन चुनौती थपेका छन् । हरेक वर्ष दसैंमा उही समस्या दोहोरिन नदिन सडक पूर्वाधार सुधारलाई प्राथमिकता दिनुपर्छ ।

दसैं खुसीको चाड हो । सडकको सास्तीले त्यो खुसीमा छाया पर्न दिनु हुँदैन । सुरक्षित यात्राका लागि सरकार, सडक विभाग, ट्राफिक प्रहरी, यातायात व्यवसायी र यात्रु सबै जिम्मेवार हुनुपर्छ । नियम पालना र सावधानीसँगै दीर्घकालीन सडक सुधारमा ध्यान दिन सके मात्रै दसैं यात्रा सुरक्षित र सहज बन्न सक्छ ।

**इतिहासको पाना**

● रतन भण्डारी

# जंगपुत्री 'बागकी कान्छी मैया'



तत्कालीन प्रधानमन्त्री जंगबहादुर राणाका करिब २० छोरीमध्येकी एक दीपकुमारी उनकी पत्नी हिरण्यगर्भ कुमारीतर्फकी दोस्रो छोरी थिइन् । उनको विवाह माहिला साहेबज्यू उपेन्द्रविक्रम शाहका छोरा धीरेन्द्रविक्रम शाहसँग भएको थियो । बागदरबार भित्रिएपछि उनी 'बागकी कान्छी मैया'का नामले चिनिन थालिन् ।

चौतरिया प्राण शाहकी छोरी हिरण्यगर्भ कुमारीका दाजु चौतरिया फत्तेजंग शाह १९०३ सालको कोतपर्वमा मारिएपछि सम्बन्ध सुधार्न जंगबहादुरले वि.सं. १९१० मा हिरण्यगर्भसँग विवाह गरेका थिए ।

जंगबहादुर र हिरण्यगर्भ कुमारीकी छोरी दीपकुमारी वि.सं. १९४२ मंसिर ८ गते भएको रणोद्दीप सिंह हत्याकाण्डको षड्यन्त्रमा संलग्न थिइन् । हत्याकाण्ड सफल भएको खबर पाएलगत्तै वीरशमशेरले जंगबहादुरका जेठा छोरा जगतजंगलाई मनहरा दरबारमा मार्न लगाए । भोलिपल्ट बिहानै दीपकुमारी आफ्नी दिदी ललिता राज्यलक्ष्मीसँगै हनुमानढोका पुगेर बालक राजा पृथ्वीलाई टुँडिखेल लगिन्, जहाँ वीरशमशेरको पदस्थापन समारोह भएको थियो ।

सत्तामा आएपछि वीरशमशेर आफ्नै भाइ खड्गशमशेर र दीपकुमारीसँग डराए । उनले खड्गशमशेरलाई रोलक्रमबाट हटाएर अर्घाखाँचीको थाडामा निर्वासनमा पठाए । दीपकुमारीलाई पक्राउ गरी रामेछापमा नजरबन्द गरियो ।

पछि दीपकुमारीले बनारस गएर बस्ने अनुमति मागिन् । अनुमति पाएपछि उनी वि.सं. १९४३ देखि १९६० सालसम्म बनारसमा बसिन् । त्यहाँ उनले मठ, मन्दिर र धर्मशाला बनाइन् । वि.सं. १९४६ मा बनारसको वर्णा पुलनजिकै अंग्रेजसँग घर किनेर बसिन् ।

पछि वीरशमशेर आफैं बनारस गएर उनीसँग मेलमिलाप गरे र बाराको कलैयामा ५० बिघा जग्गा दिए । सोही जग्गामा उनले नेपालकै सुन्दर दरबारमध्ये एक बरेवा दरबार निर्माण सुरु गराइन् । देवशमशेरले दरबार बनाउन २६ हजार क्युबिक फिट काठ र दुईवटा हात्तीसहित सहयोग गरेका थिए ।

वि.सं. १९५७ फागुन २३ गते वीरशमशेरको मृत्यु भएपछि देवशमशेर प्रधानमन्त्री बने । तर करिब तीन महिनामै उनी पदबाट हटे । त्यसपछि वि.सं. १९६० सालमा चन्द्रशमशेरले दीपकुमारीलाई काठमाडौं फर्कन अनुमति दिए । उनी आफ्नै बागदरबार फर्किइन् । वि.सं. १९७३ सालमा ६० वर्षको उमेरमा दीपकुमारीको काठमाडौंमै निधन भयो ।

# जापानमा रहेका व्यक्तिदेखि अनुत्तीर्णसम्मलाई लाइसेन्स, तत्कालीन प्रमुखसहित ७ जनाविरुद्ध मुद्दा

**काठमाडौं/मस-**अख्तियार दुरुपयोग अनुसन्धान आयोगले यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतिपत्र, रूपन्देहीका तत्कालीन कार्यालय प्रमुख तेजनारायण यादवसहित ७ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

सवारीचालक अनुमतिपत्र वितरणका क्रममा परीक्षाको नतिजा गैरकानुनी रूपमा फेरबदल गरी तथा सरकारी अभिलेखमा हेरफेर गरेर लाइसेन्स जारी गरेको उजुरीमाथि अनुसन्धान गर्दा अनियमितता पुष्टि भएपछि अख्तियारले बिहीबार विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरेको हो ।



अख्तियारका अनुसार यातायात कार्यालयका कर्मचारी र ट्राफिक प्रहरीको मिलेमतोमा लिखित तथा प्रयोगात्मक परीक्षाको अभिलेखमा अनधिकृत रूपमा केरमेट, थपघट र हेरफेर गरी परीक्षाको नतिजा परिवर्तन गरिएको पाइएको छ । अनुसन्धानका क्रममा लिखित परीक्षामा अनुत्तीर्ण भएका व्यक्तिलाई उत्तीर्ण भएको देखाउने गरी परीक्षाफल संशोधनको अभिलेख तयार पारिएको र त्यसका आधारमा ३ जनालाई जे१ तथा ४ जनालाई जे२ वर्गको सवारी चालक अनुमतिपत्र जारी गरिएको पाइएको अख्तियारले जनाएको छ ।

त्यस्तै, प्रयोगात्मक परीक्षामा सहभागी भएको झुटा अभिलेख तयार गरी लिखित परीक्षामा सहभागी नै नभएका ५ जनालाई जे१ वर्गको सवारी चालक अनुमतिपत्र जारी गरिएको अनुसन्धानबाट खुलेको छ ।

यसै क्रममा वैदेशिक रोजगारीका लागि जापानमा रहेका व्यक्तिलाई समेत नेपालमै लिखित तथा प्रयोगात्मक परीक्षा उत्तीर्ण गरेको देखाएर लाइसेन्स जारी गरिएको अख्तियारको दाबी छ ।

अनुसन्धानबाट जापानमा रहेका व्यक्तिसमेत गरी कुल १३ जनाको नाममा गैरकानुनी रूपमा सवारी चालक अनुमतिपत्र जारी गरिएको पुष्टि भएको आयोगले जनाएको छ ।

अख्तियारले यस प्रकरणमा यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतिपत्र, रूपन्देहीका तत्कालीन कार्यालय प्रमुख तेजनारायण यादव, तत्कालीन मेकानिकल सुपरभाइजर यादवप्रसाद अर्याल, तत्कालीन अधिकृत स्तर सातौं तुलसीराम अधिकारी र तत्कालीन अधिकृत स्तर छैटौं राजीव अर्यालविरुद्ध आरोपपत्र दायर गरेको छ ।

त्यस्तै, लुम्बिनी प्रदेश ट्राफिक प्रहरी कार्यालय, बुटवलका तत्कालीन प्रहरी नायब उपरीक्षक डिल्ली नारायण पाण्डे, तत्कालीन प्रहरी निरीक्षक गणेश ज्ञवाली र तत्कालीन प्रहरी नायब निरीक्षक हुमानन्द खनालविरुद्ध पनि मुद्दा दायर गरिएको अख्तियारले जनाएको छ ।

अख्तियारले प्रतिवादीहरूविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९, ११ र १३ बमोजिमको कसुरमा सोही ऐनअनुसार कैद तथा जरिवाना सजायको मागदाबी गरेको छ ।

# कफीको स्वादसँगै आत्मनिर्भरताको सपना
# बहिरा युवाको हातमा बारिस्टा सीप

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ असोज

कफी मेसिनको आवाज, कपमा भरिँदै गरेको कफी र ग्राहकलाई सेवा दिने व्यस्तता । सामान्यतया क्याफेमा देखिने यस्तो दृश्य अब बहिरा युवाहरूका लागि पनि नयाँ र सम्भावनाको क्षेत्र बन्दै गएको छ ।

काठमाडौंमा २० जना बहिरा युवा-युवतीले एकमहिने बारिस्टा तालिम लिएर कफी तथा अन्य पेय पदार्थ तयार गर्ने व्यावसायिक सीप सिकेका छन् । तालिमसँगै उनीहरूले रोजगारी र स्वरोजगारको सम्भावना पनि खोज्न थालेका छन् । नेपाल पर्यटन बोर्ड र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी) नेपालको सहलगानीमा सञ्चालित दिगो पर्यटन परियोजनाअन्तर्गत राष्ट्रिय बहिरा महासंघ नेपालको आयोजनामा तालिम सञ्चालन गरिएको हो । बहिरा तथा सुनाइसम्बन्धी अपांगता भएका व्यक्तिहरूको व्यावसायिक सीप विकास, सम्मानजनक रोजगारी तथा स्वरोजगारका अवसर अभिवृद्धि गर्ने उद्देश्यले तालिम सञ्चालन गरिएको आयोजकले जनाएको छ ।

पर्यटन तथा आतिथ्य क्षेत्रमा बहिरा व्यक्तिहरूको समावेशी सहभागिता बढाउँदै उनीहरूलाई होटल, क्याफे, बेकरी तथा पर्यटन क्षेत्रका रोजगारी र स्वरोजगारका अवसरसँग जोड्ने लक्ष्य तालिमले लिएको छ ।




**पहिलोपटक कफी बनाउने अवसर**

काठमाडौंस्थित टिन टङ क्याफे एन्ड तालिम केन्द्रमा सञ्चालन भएको एकमहिने तालिममा सहभागी २० जना बहिरा युवा-युवतीले बारिस्टासम्बन्धी आधारभूतदेखि व्यावहारिक सीपसम्म सिकेका छन् । तालिममा कफी तथा अन्य पेय पदार्थ तयार गर्ने, कफी मेसिन तथा उपकरण सञ्चालन गर्ने, कार्यस्थलमा सरसफाइ कायम गर्ने, ग्राहक सेवा दिने र व्यावसायिक व्यवहारलगायतका विषयमा प्रशिक्षण दिइएको थियो ।

बहिरा सहभागीलाई तालिम लिन सहज होस् भनेर प्रशिक्षकसँगै नेपाली सांकेतिक भाषा दोभासेको समेत व्यवस्था गरिएको थियो । यसले प्रशिक्षकले दिने जानकारी बुझ्न र सहभागीले सिकेका विषयलाई व्यवहारमा उतार्न सहज भएको आयोजकको भनाइ छ ।

तालिममा सहभागी अनु बराईका लागि यो अनुभव नयाँ थियो । सुरुमा केही असहज भए पनि पछि तालिम प्रभावकारी रूपमा सिक्न पाएको उनले बताइन् ।

'सुरुमा केही असहज भएको थियो । तर पछिल्लो समय एकदमै राम्रो सिक्न पायौं । यसअघि यस्तो तालिम लिन पाएको थिएन । पहिलो पटक लिन पाएकोमा एकदमै खुसी लागेको छ,' उनले भनिन् ।

अनुका लागि यो केवल कफी बनाउन सिक्ने तालिम मात्र रहेन । यसले आगामी दिनमा सीपलाई रोजगारीसँग जोड्न सकिने सम्भावनाको ढोका पनि खोलेको छ ।

त्यस्तै, तालिममा सहभागी देवेन्द्र धामीले यसअघि यस्तो तालिम लिन नपाएको बताए । तालिम प्रदान गर्ने संस्था तथा आयोजकप्रति धन्यवाद व्यक्त गर्दै उनले अब सिकेको सीपलाई रोजगारीसँग जोड्ने प्रयास गर्ने बताए ।

**सिक्न गाह्रो, अभ्यासपछि सहज**

तालिमका प्रशिक्षक सुमन खड्काले सुरुमा सिकाउन र सिक्न दुवै पक्षमा केही चुनौती भए पनि विस्तारै सहज हुँदै गएको बताए । धेरै सहभागीले कफी बनाउने सीप सिकेको उल्लेख गर्दै उनले तालिममा सिकेका विषयलाई आगामी दिनमा निरन्तर अभ्यास गर्दै व्यवहारमा लागू गर्नुपर्नेमा जोड दिएका छन् । 'तालिम लिएर मात्र हुँदैन, सिकेको सीपलाई व्यवहारमा लागू गर्दै जानुपर्छ,' उनले सहभागीलाई आग्रह गरे ।

**अवसर दिने प्रतिबद्धता**

टिन टङ क्याफे एन्ड तालिम केन्द्रका सञ्चालक विजय कटवालले तालिममा सहभागीले सिकेको सीपलाई व्यवहारमा उतार्न अवसरसमेत उपलब्ध गराउने बताए । उनले तालिमको समापनलाई सिकाइको अन्त्यका रूपमा नलिन सहभागीलाई आग्रह गरे । तालिममा सिकेका सीपलाई नियमित अभ्यासमार्फत थप निखार्नुपर्ने उनको सुझाव थियो । रोजगारीका लागि कुनै क्याफेमा जानुअघि आवश्यक अभ्यास गर्न चाहने सहभागीलाई सात दिनसम्म निःशुल्क सिकाउने व्यवस्था गर्न सकिने कटवालले बताए ।

सहभागीले आफ्नै क्याफे सञ्चालन गर्न चाहेमा मेसिन तथा अन्य आवश्यक सामग्रीको व्यवस्थापनमा समेत सहजीकरण गर्न सकिने उनले बताए ।

**आर्थिक उन्नतिको अपेक्षा**

दिगो पर्यटन परियोजनाकी परियोजना सहायक मञ्जुला खत्रीले तालिमबाट प्राप्त सीपलाई व्यवहारमा लागू गर्दै सहभागीले आफ्नो परिवारको आर्थिक उन्नतिमा समेत योगदान गर्ने अपेक्षा गरिएको बताइन् । उनले तालिमपछि सहभागीलाई आवश्यक थप सहयोग आवश्यक परे सम्पर्क गर्न सकिने बताइन् । उनका अनुसार सीप विकासलाई रोजगारी र आम्दानीसँग जोड्न सकिएमा बहिरा समुदायका युवाको आर्थिक तथा सामाजिक सशक्तीकरणमा महत्वपूर्ण योगदान पुग्न सक्छ ।

**रोजगारीको ढोका खोल्ने प्रयास**

राष्ट्रिय बहिरा महासंघ नेपालका महासचिव सिताराम ओझाले बारिस्टा तालिमलाई बहिरा समुदायका लागि रोजगारी र आम्दानीको आधार तयार गर्ने महत्वपूर्ण अवसरका रूपमा लिनुपर्ने बताए । तालिम पूरा गरेपछि सहभागीले सिकेको सीपलाई व्यवहारमा उतार्न र रोजगारीसँग जोडिन उनले आग्रह गरे ।

ओझाका अनुसार राष्ट्रिय बहिरा महासंघले यसअघि पनि विभिन्न स्थानमा सीपमूलक तालिम सञ्चालन गर्दै बहिरा युवाका लागि रोजगारीका अवसरको ढोका खोल्ने प्रयास गर्दै आएको छ । बहिरा व्यक्तिले सञ्चालन गरेका क्याफेमा गएर सिकाइलाई थप व्यावहारिक बनाउन सकिने उनले बताए । नेपालमा मात्र नभई विदेशमा समेत बहिरा व्यक्तिले विभिन्न व्यवसाय सञ्चालन गरेर राम्रो गरेको उदाहरण रहेको उनको भनाइ छ ।

महासंघले संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको सहयोगमा बहिरा समुदायलाई स्वरोजगार तथा रोजगारीसँग जोड्ने उद्देश्यले विभिन्न सीपमूलक तालिम सञ्चालन गर्दै आएको जनाएको छ । आगामी दिनमा पनि यस्ता तालिमलाई निरन्तरता दिने महासंघको तयारी छ । एकमहिने तालिमपछि बुधबार आयोजित समारोहमा सहभागीलाई प्रमाणपत्र वितरण गरिएको छ । एभेन्ट लाउन्ज क्याफे एन्ड कफी ट्रेनिङ सेन्टर, जमलमा आयोजित समापन कार्यक्रममा राष्ट्रिय बहिरा महासंघ नेपालका महासचिव ओझाले सहभागीलाई प्रमाणपत्र वितरण गरेका थिए ।

क्याफे सञ्चालक विजय कटवालले सहभागीलाई उपहारस्वरूप क्याफेको कपसमेत प्रदान गरेका थिए ।

# पकाहा मैनपुरको ३६ करोड बढी बजेट पारित

**लालबाबु बानिया/मध्यान्ह**
पर्सा, २२ असोज

पर्साको पकाहा मैनपुर गाउँपालिकाको १५औं गाउँसभा आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम र बजेट पारित गर्दै सम्पन्न भएको छ ।

गाउँसभाले आगामी आर्थिक वर्षका लागि ३६ करोड ३० लाख २७ हजार रुपैयाँ बराबरको अनुमानित बजेट सर्वसम्मत रूपमा पारित गरेको छ । गाउँपालिकाका उपाध्यक्ष सर्फुनेशा खातुनको निर्देशनमा प्रमुख प्रशासकीय अधिकृत सुजित कुमार सिंहले बजेट प्रस्तुत गरेका थिए ।

पारित बजेटमध्ये चालुतर्फ २४ करोड ३५ लाख ८२ हजार रुपैयाँ र पुँजीगततर्फ ११ करोड ९४ लाख ४५ हजार रुपैयाँ विनियोजन गरिएको छ । गाउँसभाबाट गाउँपालिकाका पाँचवटै वडाका बजेटसमेत पारित गरी प्रस्तुत गरिएको थियो ।

गाउँपालिका अध्यक्ष सुरेश मेहताले शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, युवा रोजगारी र भौतिक पूर्वाधारलाई आगामी आर्थिक वर्षको मुख्य प्राथमिकतामा राखिएको बताए ।

अध्यक्ष मेहताको अध्यक्षतामा सम्पन्न गाउँसभा तथा नीति तथा कार्यक्रममा उपाध्यक्ष सर्फुनेशा खातुन, प्रमुख प्रशासकीय अधिकृत सुजित सिंह, पूर्व गाविस अध्यक्ष नसुरलाह मियाँ, वडाध्यक्षहरू बलिराम चौरसिया, ढेरी प्रसाद यादव, संजय चौहान, मुकुट चौहान, विनोद मेहता तथा कार्यपालिका सदस्य नेकमहम्द मियाँ, रामबहादुर सोनारलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

गाउँसभामा कार्यपालिका सदस्य, महिला तथा पुरुष सदस्य, गाउँपालिका कर्मचारी, स्वास्थ्यकर्मी, शिक्षक, पत्रकार, सुरक्षाकर्मी तथा बुद्धिजीवीहरूको सहभागिता रहेको थियो । कार्यक्रमको सञ्चालन शिक्षा प्रमुख दामोदर दुबेदीले गरेका थिए ।

# जनताका समस्या समेट्दै मेची–महाकाली यात्रा

**बिनोद निगम/मध्यान्ह**
नवलपरासी, २२ असोज

पश्चिम नवलपरासीको परासीमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का नेता डा.अमरेश सिंहले पार्टीका नेता तथा कार्यकर्तासँग भेटघाट तथा छलफल गरेका छन् । छलफलमा संगठन निर्माण, स्थानीय तहसम्म पार्टीको उपस्थिति विस्तार तथा प्रस्तावित मेचीदेखि महाकालीसम्मको पदयात्राका विषयमा चर्चा भएको थियो । सिंहले पदयात्राका क्रममा स्थानीय नागरिकसँग प्रत्यक्ष संवाद गरी उनीहरूका समस्या, गुनासा र विकासका आवश्यकतालाई संकलन गर्ने बताएका छन् । यात्राका क्रममा दैनिक करिब पाँच घण्टा, अर्थात् २० देखि २५ किलोमिटरसम्म पैदल हिँड्ने र बाँकी समय स्थानीय जनता तथा कार्यकर्तासँग संवाद गर्ने योजना रहेको उनले जानकारी दिएका छन् ।



पदयात्राका क्रममा तराई-मधेशका करिब २० जिल्लामा संकलन हुने समस्या तथा सुझावलाई समेटेर एकीकृत प्रतिवेदन तयार गर्ने योजना छ ।

उक्त प्रतिवेदन सरकारका प्रधानमन्त्री र रास्वपा सभापति रवि लामिछानेलाई छुट्टाछुट्टै बुझाइने सिंहले बताएका छन् । पश्चिम नवलपरासीका बर्दघाट, प्रतापपुर, पाल्हिनन्दन र सुस्तालगायतका क्षेत्रमा नागरिकहरूले सिँचाइ, सडक, शिक्षा, स्वास्थ्य तथा पूर्वाधारसँग सम्बन्धित समस्या उठाएका छन् ।

पदयात्राका क्रममा यस्ता समस्या लिखित तथा भिडियो अभिलेखका रूपमा संकलन गरी प्रतिवेदनमा समेटिने बताइएको छ । स्थानीय नागरिकबाट प्राप्त तथ्य र सुझावलाई सम्बन्धित निकायसम्म पुर्‍याउने उद्देश्यले अभियान अघि बढाइने सिंहको भनाइ छ ।

छलफलका क्रममा सिंहले राजनीति जनताको आवश्यकता, अधिकार र सरोकारमा केन्द्रित हुनुपर्ने धारणा व्यक्त गरेका थिए । जनताका समस्या प्रत्यक्ष रूपमा सुन्ने, तिनको पहिचान गर्ने र समाधानका लागि सम्बन्धित निकायमा पहल गर्ने कार्यलाई राजनीतिको प्रमुख जिम्मेवारीका रूपमा लिनुपर्नेमा उनले जोड दिए ।

रास्वपाले अघि सारेको 'जनताका लागि राजनीति' भन्ने मूल भावनालाई व्यवहारमा उतार्न जनताको सहभागिता, जवाफदेहिता र पारदर्शितालाई प्राथमिकतामा राख्नुपर्ने सिंहको भनाइ थियो ।

उनले पार्टी संगठनलाई केन्द्रमा मात्र सीमित नराखी वडा र पालिका तहसम्म व्यवस्थित र प्रभावकारी बनाउनुपर्ने आवश्यकता औंल्याए । स्थानीय तहमा जनतासँग प्रत्यक्ष सम्बन्ध विस्तार गर्दै उनीहरूका आवश्यकता र सरोकारलाई पार्टीको राजनीतिक कार्यदिशासँग जोड्नुपर्नेमा उनले जोड दिएका थिए ।

कार्यक्रममा प्रतिनिधिसभा निर्वाचनमा पराजित उम्मेदवार पाँच वर्षसम्म राष्ट्रिय सभामा जान नपाउने कानुनी व्यवस्थाबारे समेत चर्चा भएको थियो । आगामी निर्वाचनलाई लक्षित गर्दै वडा तथा स्थानीय तहदेखि नै संगठन सुदृढ बनाउन कार्यकर्तालाई आह्वान गरिएको थियो ।

कार्यक्रममा रास्वपाका जिल्ला सभापति, विभिन्न पालिकाका सभापति तथा नेता-कार्यकर्ताको उपस्थिति रहेको थियो । सहभागीहरूले स्थानीय समस्या, संगठन विस्तार र जनतासँगको सम्बन्धलाई थप प्रभावकारी बनाउने विषयमा धारणा राखेका थिए ।

# जीर्ण बन्दै बानेश्वरनाथ पुल, जोखिममा आवागमन

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २२ असोज

रौतहटको सदरमुकाम गौर नगरपालिका र ईशनाथ नगरपालिकालाई जोड्ने लालबकैया नदीमाथिको बानेश्वरनाथ झोलुंगे पुल जीर्ण बन्दै गएपछि सर्वसाधारणको आवागमन जोखिमपूर्ण बनेको छ ।

पुलका विभिन्न संरचनात्मक भागमा क्षति पुग्नुका साथै फलामे जाली, नट-बोल्ट तथा भारवहन गर्ने मुख्य केबल कमजोर र खुकुलो बन्दै गएको स्थानीयवासीले बताएका छन् । पुलका केही स्थानमा फलामे तार नट-बोल्टबाट छुट्टिएर झुन्डिएको तथा संरचना हल्लिने समस्या देखिएको उनीहरूको भनाइ छ ।

स्थानीयका अनुसार पुलका दुवैतर्फ भार थाम्ने मुख्य फलामे केबलसमेत खुकुलो हुँदै गएको छ । समयमै प्राविधिक निरीक्षण गरी पुलको भारवहन क्षमता परीक्षण तथा आवश्यक मर्मत नगरे दुर्घटनाको जोखिम बढ्न सक्ने उनीहरूको भनाइ छ ।

गौरस्थित प्रसिद्ध महादेव मन्दिरबाट केही मिटर पश्चिममा रहेको यो पुल गौर र ईशनाथ क्षेत्रका बासिन्दाका लागि महत्वपूर्ण आवागमनको माध्यम हो । टिकुलिया घाटमा निर्माणाधीन पक्की पुल लामो समयदेखि पूर्ण रूपमा सञ्चालनमा आउन नसकेका कारण बानेश्वरनाथ झोलुंगे पुल स्थानीयका लागि मुख्य वैकल्पिक मार्गका रूपमा प्रयोग हुँदै आएको छ । पुलबाट दैनिक ठूलो संख्यामा पैदल यात्रु, साइकल तथा मोटरसाइकलमा यात्रुहरू आवतजावत गर्ने गरेका छन् । पछिल्लो समय यो पुल स्थानीयका लागि आवागमनको साधन मात्रै नभई पर्यटकीय आकर्षणसमेत बन्दै गएको छ । विशेषगरी साँझ र बिदाका दिन पुलमा फोटो तथा भिडियो खिच्न आउनेको चहलपहल बढ्ने गरेको स्थानीय बताउँछन् ।

पुल आसपासमा खाजा घर, खुद्रा पसल तथा अन्य साना व्यवसाय सञ्चालनमा आएपछि स्थानीय युवाका लागि रोजगारी तथा आम्दानीको अवसरसमेत सिर्जना भएको छ ।

बानेश्वरनाथ झोलुंगे पुलको उद्घाटन २०८० वैशाख ७ गते तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालले गरेका थिए । पुल सञ्चालनमा आएपछि गौर र ईशनाथ क्षेत्रका बासिन्दालाई सदरमुकामसम्मको आवागमन सहज भएको थियो ।

**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७७।१२।२४ मा दर्ता भएको **रुद्राक्ष निर्माण सेवा प्रा. लि.(प्रा.लि. नं. २६१४६३)** को नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०७०/११/२९ मा दर्ता भएको **फुड काफ्ट प्रा.लि.(प्रा.लि.नं. १२०६००)** को मिति २०८३/०६/२२ गते बसेको विशेष साधारणसभाले कम्पनी खारेज गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय काठमाडौंमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा तोकिएको म्यादभित्र हकदावी गर्न नआए उक्त कम्पनी खारेजीको प्रकृया अगाडि बढाई दर्ता खारेज गरिने छ ।
**लिक्वीडेटरः कृष्ण प्रसाद पोखरेल, इजाजतपत्र नं. ५४०, फोन नं. ९८६००३८७६५**

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०५७/१२/२९ मा दर्ता भएको **राइनो फुडस प्रा.लि.(प्रा.लि.नं. १५३८८)** को मिति २०८३/०६/२२ गते बसेको विशेष साधारणसभाले कम्पनी खारेज गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय काठमाडौंमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा तोकिएको म्यादभित्र हकदावी गर्न नआए उक्त कम्पनी खारेजीको प्रकृया अगाडि बढाई दर्ता खारेज गरिने छ ।
**लिक्वीडेटरः कृष्ण प्रसाद पोखरेल, इजाजतपत्र नं. ५४०, फोन नं. ९८६००३८७६५**

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/११/१९ मा दर्ता भएको **दर्ता नं. २५७७९४** को **घाजी बिल्डर्स प्रा. लि.** को मिति २०८३/०६/२१ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ (१) बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, फोन नं. ९८४१३४०४०३**

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७३/०५/१३ मा दर्ता भएको **प्रा.लि. नं. १५४८०३** को **नेपाल ईन्फोटिक प्रा.लि.**को मिति २०८३/०६/२२ मा सम्पन्न विशेष साधारणसभाले कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी (लिक्विडेशन)मा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।
**लिक्विडेटरः कुमार गुरुङ, इजाजतपत्र नं. ५२१, फोन नं. ९८४१८६१६३०**

**गोलिया काठ बोलपत्रद्वारा लिलाम बिक्रिको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति २०८३/०६/२३**

डोटी जिल्लामा रहेको कफलकट्टे सामुदायिक वन उपभोक्ता समूह, जोरायल गा.पा वडा नं. २, टतिवन, डोटीको वन क्षेत्रबाट उत्पादन भई घाटगद्दीमा राखिएका खोटे सल्ला जातको गोलिया काठ ए ग्रेड ६४ थानको परिमाण १०९०.३० क्यू.फिट र बि ग्रेड १०७ थानको परिमाण ९८५.१९ क्यू.फिट गरी जम्मा थान १७१ को २०७५.४९ क्यु.फिट काठ जे-जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक काठ/दाउरामा आधारित उद्योग संचालन गर्ने भनि प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र प्रत्येक लटको छुटा छुट्टै बोलपत्र खरीद गरी २२ औं दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागी सम्बन्धित सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना सा.व.उ.स.को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**कफलकट्टे सामुदायिक वन उपभोक्ता समूह,**
**जोरायल गा.पा वडा नं. २, टतिवन, डोटी**

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८३/०६/२३**

यस कम्पनीको मिति २०८३।०६।०८ मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार साविक कम्पनी **सेन्ट ज्यूड्स एकेडेमी कपिलवस्तु प्रा.लि. (दर्ता नं. १३१०१६)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०६।१५ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **सेन्ट ज्यूड्स एकेडेमी प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

# दसौं राष्ट्रिय खेलकुदको तयारी तीव्र

**काठमाडौं/मस-** राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले कर्णाली प्रदेशमा हुने दसौं राष्ट्रिय खेलकुदको तयारीलाई तीव्र गतिमा अगाडि बढाइरहेको छ । राखेपले दसौं राष्ट्रिय खेलकुदलाई प्रभावकारी रुपमा सम्पन्न गर्ने सन्दर्भमा सरोकारवालसँग बिहीबार छलफल गरेको छ ।

राखेपका उपाध्यक्ष विशाल श्रेष्ठ, सदस्य-सचिव रामचरित्र मेहता, युवा तथा खेलकुद मन्त्रालयका प्रमुख सल्लाहकार सिद्दी व्यञ्जनकार, राखेप कार्यकारी समितिका सदस्य, राखेपका बोर्ड सदस्यलगायतको उपस्थितिमा भएको बैठकमा तयारीलगायत विविध पक्षमा छलफल भएको थियो ।



दसौं राष्ट्रिय खेलकुदमा समावेश विभिन्न ३२ खेलका राष्ट्रिय संघका पदाधिकारी, विषयगत उपसमितिका संयोजकसहित सचिव तथा विषयगत उपसमितिका सचिवसंग छलफल भएको थियो । दसौं राष्ट्रिय खेलकुद मंसिर १६ देखि २७ गतेसम्म हुनेछ ।

यसैबीच बागमती प्रदेशले प्रतियोगितामा समावेश ३२ वटै खेलमा सहभागिता जनाउने भएको छ । प्रदेश खेलकुद विकास परिषद्का सदस्यसचिव दीपक लामाका अनुसार प्रतियोगितामा बागमतीबाट ६५६ खेलाडीसहित कुल ७८२ जनाको सहभागिता रहने छ ।

प्रतियोगिताका लागि प्रदेशका १३ वटै जिल्ला तथा सम्बन्धित खेल संघलाई तयारी र खेलाडी छनोटका लागि पत्राचार गरिएको छ । आगामी कात्तिक १५ गतेभित्र सबै खेलको छनोट प्रक्रिया सम्पन्न गर्ने लक्ष्य रहेको उनले बताए ।

कुल ३२ खेलमध्ये १२ खेलमा जिल्लास्तरबाट खेलाडी छनोट गरिनेछन् भने बाँकी खेलमा खुल्ला छनोट हुनेछ । खुल्ला छनोटमा प्रदेशका १३ जिल्लामा बसोबास गर्ने सम्बन्धित खेलका खेलाडी सहभागी हुन सक्ने प्रदेश खेलकुद विकास परिषद्ले जनाएको छ ।

यसअघि सम्पन्न तेस्रो बागमती प्रदेशस्तरीय खेलकुद प्रतियोगितालाई पनि दसौं राष्ट्रिय खेलकुदको पूर्वतयारीका रूपमा लिइएको सदस्यसचिव लामाले बताए । उक्त प्रतियोगितामा खेलाडीले गरेको प्रदर्शनलाई समेत छनोट प्रक्रियासँग जोडिने उनको भनाइ छ ।

राष्ट्रिय प्रतियोगितामा उत्कृष्ट नतिजा हासिल गर्ने लक्ष्यसहित छनोट भएका खेलाडीलाई बन्द प्रशिक्षणमा राखेर विशेष प्रशिक्षण दिने तयारी गरिएको छ । खेलाडीको शारीरिक तयारीसँगै खेल मनोविज्ञान, पोषण तथा नियमित प्रशिक्षणलाई प्राथमिकता दिइने परिषद्ले जनाएको छ ।

आवश्यकताअनुसार योग्य प्रशिक्षक नियुक्त गरेर खेलाडीलाई प्रशिक्षण गराइने सदस्यसचिव लामाले बताए । 'उत्कृष्ट नतिजाका लागि आवश्यक आधार तयार गर्दैछौं,' उनले भने । प्रतियोगितामा सहभागिताका लागि बागमती प्रदेशले रु पाँच करोड ६० लाखको स्रोत सुनिश्चित गरेको छ। प्रदेश सरकारले प्रतियोगितामा पदक जित्ने खेलाडीलाई नगद पुरस्कार दिने व्यवस्थासमेत अघि बढाएको छ ।

प्रदेश सरकारले स्वर्ण पदक विजेतालाई एक लाख, रजत पदक प्राप्त गर्नेलाई ७५ हजार र कास्य पदक पाउनेलाई ५० हजार रुपैयाँ प्रदान गर्ने गरी कार्यविधि तयार गरिएको परिषद्ले जनाएको छ ।

# विराटनगर किंग्सको प्रशिक्षकमा धम्मिकाको निरन्तरता

**काठमाडौं/मस-** नेपाल प्रिमियर लिग (एनपिएल)को तेस्रो संस्करणका लागि विराटनगर किंग्सले धम्मिका प्रसादलाई पुनः प्रशिक्षकमा निरन्तरता दिएको छ । यससँगै प्रसादले आगामी सिजनमा पनि विराटनगर किंग्सको प्रशिक्षण तथा रणनीतिक नेतृत्व सम्हाल्ने छन् ।




श्रीलंकाका पूर्वअन्तर्राष्ट्रिय क्रिकेटर धम्मिका प्रसादले आफ्नो खेलाडी जीवनमा श्रीलंकाको राष्ट्रिय टोलीबाट टेस्ट, एकदिवसीय र टी-२० अन्तर्राष्ट्रिय क्रिकेट खेलेका छन् । दायाँ हाते फास्ट बलर प्रसादले श्रीलंकाका लागि २५ टेस्ट, २४ ओडीआई र १४ टी-२० अन्तर्राष्ट्रिय खेल खेलेका छन् ।

प्रशिक्षकका रूपमा धम्मिका प्रसादले विभिन्न अन्तर्राष्ट्रिय टोलीसँग काम गरिसकेका छन् । उनले अमेरिका राष्ट्रिय क्रिकेट टोलीमा सहायक तथा बलिङ प्रशिक्षकका रूपमा काम गर्नुका साथै नेपाल र ओमान राष्ट्रिय क्रिकेट टोलीको पूर्व बलिङ प्रशिक्षकको जिम्मेवारीसमेत सम्हालिसकेका छन् ।

फ्रेन्चाइज क्रिकेटमा प्रसादले लंका प्रिमियर लिगमा कोलम्बो किंग्सका बलिङ प्रशिक्षक, क्यान्डी बोल्ट्सका प्रशिक्षण निर्देशक तथा क्यान्डी रोयल्सका सहायक प्रशिक्षकका रूपमा काम गरिसकेका छन् । त्यस्तै उनले केम्यान आइल्याण्ड म्याच ६० मा फ्लोरिडा लायन्स तथा बिग क्रीकेट लिगमा गुजरात डायमण्ड्सको प्रशिक्षकको जिम्मेवारी पनि सम्हालिसकेका छन् ।

विराटनगर किंग्सले प्रसादको अन्तर्राष्ट्रिय अनुभव, विशेषगरी बलिङ प्रशिक्षण, खेलाडी विकास र टोली व्यवस्थापनमा रहेको विशेषज्ञतालाई एनपीएलको तेस्रो संस्करणमा महत्वपूर्ण मान्दै उनलाई निरन्तरता दिएको हो ।

विराटनगर किंग्समा पुनः जिम्मेवारी पाउँदा धम्मिका प्रसादले खुशी व्यक्त गरेका छन् । उनले विराटनगर किंग्ससँग फेरि पनि काम गर्न पाउँदा आफू उत्साहित रहेको बताए ।

'विराटनगर किंग्ससँग यो सिजन पनि जोडिन पाउँदा म निकै खुसी र उत्साहित छु । गत सिजन हामी प्लेअफबाट बाहिरिनुपर्दा त्यो क्षण निकै पीडादायी र निराशाजनक थियो। हामीले धेरै मेहनत गरेका थियौं, तर अपेक्षित नतिजा हासिल गर्न सकेनौं । त्यसको पीडा हामी सबैसँग अझै छ । यही अनुभवले यसपटक हामीलाई अझ बलियो र प्रतिबद्ध बनाएको छ । यसपटक हामी आफ्नो शतप्रतिशत दिनेछौं र ट्रफीका लागि अन्तिम बलसम्म लड्नेछौं,' प्रसादले भने ।

एनपिएल सिजन-३ को तयारीअन्तर्गत विराटनगर किंग्स हाल भारतको उत्तर प्रदेशस्थित पूर्वाञ्चल क्रिकेट एकेडेमीमा प्रशिक्षणमा रहेको छ। टोलीले त्यहाँ रणजी ट्रफीमा खेलिसकेका भारतीय खेलाडीहरूसँग फ्लडलाइटमा अभ्यास खेल खेलिरहेको छ। प्रसादले भारतमा भइरहेको प्रशिक्षण राम्रो ढंगले अघि बढिरहेको बताएका छन् ।

'भारतमा हाम्रो प्रशिक्षण राम्रो भइरहेको छ । खेलाडीहरूले राम्रो प्रशिक्षण पाइरहेका छन् । रणजी ट्रफीमा खेलिसकेका अनुभवी खेलाडीहरूसँग अभ्यास खेल खेल्दा हाम्रो तयारी अझ बलियो भइरहेको छ। एनपीएलका लागि हामी उत्कृष्ट तयारी गर्ने लक्ष्यमा छौं,' प्रसादले भने ।

विराटनगर किंग्सले धम्मिका प्रसादको नेतृत्वमा एनपिएलको तेस्रो संस्करणमा बलियो प्रदर्शन गर्दै उपाधिका लागि प्रतिस्पर्धा गर्ने लक्ष्य राखेको जनाएको छ ।

# होप्स मैत्रीपूर्ण टेबलटेनिस शनिबार

**काठमाडौं/मस-** होप्स टेबलटेनिस एकेडेमीको आयोजनामा होप्स मैत्रीपूण टेबलटेनिस प्रतियोगिता शनिबार हुने भएको छ । खेलप्रेमी सुमन खड्गीको मुख्य प्रायोजनमा हुने प्रतियोगितामा एक स्पर्धा डबल्समा प्रतिस्पर्धा हुनेछ ।

विजयीदशमीको उपलक्ष्यमा हुन लागेको प्रतियोगितामा ४० जोडीले प्रतिस्पर्धा गर्ने होप्सका सञ्चालक आईटीटीएफ लेभल २ प्रशिक्षक प्रज्ज्वल श्रेष्ठले जनाएका छन् । सहभागीले पुरुष/पुरुष वा पुरुष/महिलाको जोडी बनाएर प्रतिस्पर्धा गर्न पाउने छन् । विजेताले ४० हजार र उपविजेताले २० हजार नगद पुरस्कार पाउने छन् ।




टेबलटेनिस परिवारलाई एकै थलोमा भेला गराइ दसैंको उपलक्ष्यमा शुभकामना आदान प्रदान गर्नुका साथै हरेक उमेरसमूहका खेलाडीलाई एउटै प्रतियोगितामा संगै खेल्ने अवसर प्रदान गर्न मैत्रीपूर्ण प्रतियोगिता आयोजना गर्न लागिएको मुख्य प्रायोजक सुमन खड्गीले बताए ।

प्रतियोगितामा नौंपटककी राष्ट्रिय च्याम्पियन एवं एसियाली खेलकुदमा लगातार पाँचपटक सहभागिता जनाएकी नविता श्रेष्ठ, राष्ट्रिय च्याम्पियन संयोग कपाली, भेट्रान खेलाडी, उमेरसमूहका खेलाडीले एउटै मञ्चमा प्रतिस्पर्धा गर्ने खड्गीले बताए ।

एकदिने प्रतियोगिताका खेलहरु बालकुमारीस्थित होप्स टेबलटेनिस एकेडेमीमा खेलाइने छ। सोही दिन एकेडेमीको औपचारिक उद्घाटन हुनेछ ।

# विवेक, मनीषा, राधिका र सन्ध्यालाई स्वर्ण



**काठमाडौं/मस-** नेपालका विवेक शाही, मनीषा मगर, राधिका धामी र सन्ध्या श्रेष्ठले आठौं डब्लुजीकेएफ विश्व गोजुरियो कराते च्याम्पियनसिपमा स्वर्ण जितेका छन् ।

भारतको पुनेमा भइरहेको प्रतियोगितामा नेपालका पारस बडिलाले रजत, आशिका विकले कांस्य, जनक सार्कीले रजत, चेलिफुङ लिम्बुले कास्य, अन्भी शाहीले रजत र कास्य तथा वान्स श्रेष्ठले रजत हात पारेको प्रतियोगितामा निर्णायकका रूपमा सहभागी रवि शाहीले जनाएका छन् ।

नेपाल सरकार
